Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक




◆ वर्ष १० ◆ अङ्क २८८३ ◆ २०७६ भदौ २५ गते बुधबार ◆ ने.सं. ११३९ ◆ पृष्ठ ८ ◆ Wednesday, September 11, 2019 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com




# १३ वर्षमा पाँच सय बढी ट्रेडमार्क चोरी

## ट्रेडमार्क चोरीबारे विदेशी राजदूतावासको चासो

### फेसबुकको ट्रेडमार्क रक्सीमा राख्न निवेदन पर्‍यो : विभाग

■ प्रवीण राउत
काठमाडौं, भदौ २४



पछिल्लो समय नेपाली बजारमा टेड्रमार्क, पेटेन्ट तथा डिजाइन नक्कल गर्ने अर्थात् चोरीको घटना बढेको पाइएको छ । छिटो पैसा कमाउने तथा धनी बन्ने नाममा व्यवसायीहरूले टेड्रमार्क चोरी गर्दै आएको उद्योग विभागले जनाएको छ ।

पछिल्ला आर्थिक वर्षमा टेड्रमार्क चोरी भएका उजुरी गर्न विभागमा आउने विदेशी कम्पनीहरूको संख्या समेत बढेको विभागका कानुन शाखाका उपसचिव टंक बहादुर महतले आर्थिक दैनिकलाई जानकारी दिए ।

विदेशी कम्पनीका नेपालमा रहेका प्रतिनिधिले विभागसमक्ष ट्रेडमार्क चोरी भयो भन्दै उजुरी दिने गरेको उनले बताए । 'विदेशी कम्पनीका अधिकारी नै आउने भन्दा पनि उनीहरूले नेपाली प्रतिनिधिमार्फत विभागसमक्ष उजुरी दिने गरेका छन्', उनले भने ।

ट्रेडमार्क चोरी गर्नेमा नेपाली व्यवसायी मात्र छैनन् । उपसचिव महतका अनुसार विदेशी व्यवसायीहरू समेतले ट्रेडमार्क चोरीमा संलग्न रहेको पाइएको छ । उनले भने, 'नेपालका बजारमा जति पनि सामग्री छन्, त्यसमा धेरैजसो ट्रेडमार्क अरूको नक्कल गरी राखिएको हुन्छ ।'

यसै क्रममा पछिल्लो समय रक्सी उत्पादन गर्ने अमृत डिस्ट्रिब्युटर प्राइभेट लिमिटेड कम्पनीले फेसबुकको ट्रेडमार्क चिह्नको नक्कल गर्दै सो चिह्न आफूहरूले राख्न पाऊँ भन्दै विभागसमक्ष निवेदन दिएको उपसचिव महतले बताए । 'अमृतले माग गरे पनि हामीले भने अध्ययन गरी दिएनौं', उनले भने, 'हामीले विश्वमा लोकप्रिय र सबैलाई जानकारी भएको ट्रेडमार्क चिह्न माग गरेको बारेमा थाहा भयो । हाम्रो नियम कानुनले समेत त्यसलाई रोक लगाउँदा अमृतलाई नदिने निर्णय गरेका थियौं', उनले भने ।

विभागका अनुसार पछिल्लो १३ आर्थिक वर्षको अवधिमा पाँच सय ५४ वटा ट्रेडमार्क चोरी गरेको भन्दै विभागमा उजुरी परेको छ । उजुरी दर्ता गराउनेमा विदेशी कम्पनीहरू धेरै रहेका छन् भने चोरी गर्नेमा नेपाली र विदेशी व्यवसायीहरू रहेका छन् । स्वदेशी मात्र नभएर विदेशी अर्थात् भारतीय व्यवसायीहरूले समेत चोरी गरेको ट्रेडमार्क राखी नेपाली बजारमा सामग्री पठाउने गरेको समेत महतले जानकारी दिए ।

विभागका अनुसार गत आवमा (२०७५/०७६) मा ट्रेडमार्क नक्कल गरेको भन्दै विभागमा ८१ वटा उजुरी परेको थियो । तर आर्थिक वर्ष २०७४/०७५ मा दुई सय ५४ वटा उजुरी परेका थिए ।

यस्तै आव २०७३/७४ मा ७५ वटा, २०७२/०७३ मा ४५ वटा, २०७२/०७१ मा ५९ वटा, २०७०/०७१ मा १५ वटा, २०६९/०७० मा आठवटा, २०६८/०६९ मा छवटा, २०६७/०६८ मा पाँचवटा, २०६६/०६७ मा एउटा, २०६५/०६६ मा दुईवटा, २०६४/०६५ एउटा, २०६३/०६४ मा एउटा ट्रेडमार्क चोरी भएको भन्दै विभागसमक्ष उजुरी परेको विभागले जनाएको छ ।

विभागले आव २०७४/०७५ देखि ०७५/०७६ सम्म परेका आठ सय १३ वटा ट्रेडमार्कसम्बन्धी मुद्दामध्ये दुई सय ७७ वटा मुद्दाको फैसला गरेको तथा बाँकी पाँच सय ३६ वटा मुद्दा भने फछ्र्योट हुन

➢ बाँकी पृष्ठ २ मा

# सञ्जय दुगडलाई उपस्थित गराउन महानगरीय प्रहरीलाई पत्र

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४




जिल्ला प्रशासन कार्यालय काठमाडौंले महानगरीय प्रहरीपरिसर टेकुलाई एक पत्र लेख्दै दुगड ग्रुपमध्येका एक सञ्चालक सञ्जय दुगडालाई खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागमा उपस्थित गराउन आदेशयुक्त पत्र काटेको छ । गत असार १२ गते विभागले प्रशासन कार्यालयमा पठाएको पत्र संख्या २०७५/०७६ चलानी नम्बर १३६५ को गत साउन ११ गते उपस्थित हुनेसम्बन्धीको पत्रका आधारमा सो पत्र महानगरीय प्रहरी परिसर टेकुलाई पठाएको जनाएको छ ।

प्रशासनले पत्रसंख्या २०७६/०७६ को चलानी नम्बर ३०६३ नम्बरको पत्र परिसरमा पठाएको हो । उक्त ग्रुपद्वारा उत्पादन हुँदै आएको 'आक्वा हन्ड्रेड' ब्राण्डको मिनरल वाटर पानी खान अयोग्य भएको प्रमाणित भएको भन्दै दुगडलाई नै उपस्थित गराई कारबाही अगाडि बढाउनु भन्दै सरकारी वकिलको कार्यालयबाट फाइल विभागमा फिर्ता भएपछि सो पत्र विभागले प्रशासनमा पठाएको थियो ।

दुगडले उत्पादन गरेको पानीको ल्यापटेस्टबाट गुणस्तरहीन भएको प्रमाणित

K. L. DUGAR GROUP

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहलले गरेको थियो । गुणस्तरहीन भएको पानी बजारमा बिक्रीवितरण भएपछि विभागले आक्वा मिनीरल नेपाल प्राइभेट लिमिटेड एचसी दुगड ग्रुपका मुख्य व्यक्ति सञ्जय दुगडलाई उपस्थित हुन पत्र काटेको थियो । उद्योग, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका अनुसार कुनै पनि कम्पनीले उत्पादन गरेका र प्रत्यक्ष जनस्वास्थ्यसँग सरोकार राख्ने वस्तुमा कैफियत भेटिएमा, गुणस्तरहीन भएमा र नाङ्गो आँखाले हेर्दा अखाद्य वस्तु भेटिएमा त्यस्ता कम्पनीको उत्पादनमा रोक लगाई थप अनुसन्धान गरी प्रमाणित भएमा कारबाही हुने व्यवस्था रहेको छ ।

दुगड ग्रुपद्वारा उत्पादन हुँदै आएको

➢ बाँकी पृष्ठ २ मा

# विश्वकप छनोटमा नेपालको शानदार जित

काठमाडौं । फिफा विश्वकप छनोटअन्तर्गतको दोस्रो खेलमा नेपालले चाइनिज ताइपेईविरूद्ध २–० को शानदार जित हात पारेको छ ।

नेपालका लागि दुवै गोल अन्जन विष्टले गरेका हुन् ।

➢ बाँकी पृष्ठ २ मा




# बैंक तथा फाइनान्स कम्पनीहरुले 'सेक्युरिटी अडिट' गर्नुपर्ने

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४



बैंक तथा फाइनान्स कम्पनीहरूले अबदेखि सूचना प्रविधिसम्बन्धी सेक्युरिटी अडिट समेत गर्नुपर्ने भएको छ । गत साता नक्कली भिसा कार्डमार्फत चिनियाँ ह्याकर समूहले नेपाली बैंकहरूको नेपाल र भारतमा समेत गरी तीन करोड रूपैयाँभन्दा बढी रकम ह्याक गरेपछि त्यस्ता सम्भावित दुर्घटनाबाट बच्नको लागि राष्ट्र बैंकले सेक्युरिटी अडिटसम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

राष्ट्र बैंकले मंगलबार वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरू समेतको नाउँमा परिपत्र जारी गर्दै उक्त व्यवस्था कार्यान्वयनमा ल्याउन निर्देशन दिएको हो । 'बैंक तथा फाइनान्स कम्पनीहरूले सूचना प्रविधि प्रणालीमा अन्तर्निहित आन्तरिक एवं बाह्य सुरक्षाको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि यो व्यवस्था कार्यान्वयनमा ल्याइएको हो', राष्ट्र बैंकले परिपत्रमार्फत भनेको छ । उक्त व्यवस्थाअनुसार बैंक तथा फाइनान्स कम्पनीहरूले आफ्नो वेभसाइट, मोबाइल एप, आधिकारिक सामाजिक सञ्जाल एवं सूचना प्रणालीमा पनि साइबर अट्याक, मालवेयर भाइरस, ऱ्यान्समवेयर जस्ता बाह्य जोखिम, स्पाम, फिसिङ, स्पुफिङ आदि माध्यमबाट वा प्रणालीमा अनधिकृत पहुँच गरी सूचना चुहावट तथा चोरी तथा आर्थिक चोरीको जोखिम, आधिकारिक

➢ बाँकी पृष्ठ २ मा

# दक्षिण एसियाकै पहिलो अन्तर्देशीय पाइपलाइन उद्घाटन



### पहिलो चरणमा डिजेल मात्रै ल्याइने, पेट्रोल ल्याउन अझै एक वर्ष लाग्ने

■ आर्थिक संवाददाता
अमलेखगञ्ज, भदौ २४

दक्षिण एसियाकै पहिलो नेपाल–भारत अन्तर्देशीय पेट्रोलियम पाइपलाइनको मंगलबार उद्घाटन गरिएको छ । नेपालबाट प्रधानमन्त्री केपी शर्मा ओलीले सिंहदरबारमा र भारतबाट प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीस्थित हैदरावाद हाउसमा भिडियो कन्फरेन्समार्फत एकै समयमा स्विच थिचेर दुई देशीय पेट्रोलियम पाइपलाइनको उद्घाटन गरेका हुन् ।

नेपाल र भारतको संयुक्त लगानीमा निर्माण गरिएको ६९ दशमलव सात किमि लामो मोतिहारी–अमलेखगञ्ज पेट्रेलियम पाइपलाइनको उद्घाटन गरिएको हो । मोदीले भारतबाट पठाएको तेल ओलीले सिंहदरबारमा स्विच थिचेर 'रिसिभ' गरेपछि अमलेखगञ्ज

➢ बाँकी पृष्ठ २ मा

## बोर्डको डेढ अर्ब बढी बजेट

# भ्रमण वर्षलाई प्राथमिकता

काठमाडौँ, भदौ २४ (रासस)। नेपाल पर्यटन बोर्डले आर्थिक वर्ष २०७६/०७७ का लागि एक अर्ब ६३ करोड बजेट विनियोजन गरेको छ । नेपाल भ्रमण वर्ष २०२० अभियानलाई प्राथमिकतामा राखेर बोर्डले बजेट ल्याएको छ । बोर्ड सञ्चालक समितिको सोमबारको बैठकले यस वर्षका लागि बजेट विनियोजन गर्ने निर्णय गरेको हो । अघिल्लो वर्षभन्दा १२ करोड कम बजेट आएको छ । बोर्डले आर्थिक वर्ष २०७५/०७६ मा रू एक अर्ब ७५ करोड बजेट छुट्याएको थियो ।

भ्रमण वर्षसँगै तालिम, 'डिजिटल मार्केटिङ' तथा नयाँ गन्तव्यको प्रभावकारी प्रवर्द्धन गर्ने लक्ष्यसहित बजेट विनियोजन गरिएको बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले जानकारी दिए । बोर्डले प्रदेश सरकारसँगको साझेदारीलाई ध्यान दिएर बजेट निर्धारण गरेको छ । एक प्रदेशमा एक करोडका दरले सातै प्रदेशमा बजेट विनियोजन गरिएको सिइओ जोशीको भनाइ छ । उहाँका अनुसार बजेटमा पर्यटनको बजारीकरण, नयाँ अन्तर्राष्ट्रिय गन्तव्यको विस्तारमा मध्यपूर्वी मुलुकमा विगतको एक कार्यक्रमलाई बढाएर चार वटा पुऱ्याइएको छ ।

दक्षिणपूर्वी एसियाली मुलुक म्यान्मा, भियतनाम, कम्बोडियालगायत गन्तव्यमा बजारीकरण गर्ने लक्षका साथ बजेट विनियोजन गरिएको छ । बोर्डका जति पनि प्रवर्द्धनका कार्यक्रम रहेका छन्, तिनलाई भ्रमण वर्षसँग जोडेर कार्यक्रम गरिनेछ । भ्रमण वर्षका लागि छुट्टै १० करोड विनियोजन गरिएको छ । यो भ्रमण वर्ष सचिवालयले खर्च गर्नेछ । बोर्डकै तर्फबाट भ्रमण वर्ष प्रवर्द्धनका लागि रू २५ करोड विनियोजन गरिएको छ ।

**भैरहवा विमानस्थल लक्षित प्रवर्द्धन**

बोर्डले बुद्ध धर्मावलम्बी पर्यटकलाई नेपाल आकर्षण गर्ने उद्देश्यका साथ म्यान्मा, भियतनाम, कम्बोडियालगायत गन्तव्यमा प्रभावकारी बाजरीकरण गर्ने भएको छ । छिट्टै सञ्चालनमा आउने निर्माणाधीन भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर बोर्डले बुद्ध धर्मावलम्बीहरूको मुलुकबाट बढीभन्दा बढी पर्यटक आकर्षण गर्नेगरी बजेट विनियोजन गरेको हो । ती मुलुकसँग भैरहवा विमानस्थल सञ्चालनसँगै सम्पर्क सञ्जाल विस्तार हुने अपेक्षाका साथ बोर्डले बजेट केन्द्रित गरेको उल्लेख गरेको छ । गौतमबुद्ध विमानस्थल सन् २०२० को शुरूआतमै सञ्चालनमा आउने बताइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले एक वर्षे कार्ययोजनामा समेटेका भ्रमण वर्षलगायत कार्यक्रमलाई बजेटमा समावेश गरिएको छ ।

**अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा नेपाल प्रवर्द्धन**

बोर्डले नेपाल गन्तव्य प्रवर्द्धनको कामलाई सशक्त र प्रभावकारी तुल्याउन अन्तर्राष्ट्रिय सञ्चार माध्यम बीबीसी, सीएनएनलगायत ठूला मिडियामा नेपालको गन्तव्य प्रवर्द्धन गर्ने विज्ञापन बजाउने कार्यक्रमलाई प्राथमिकता दिएको छ । विश्व चर्चित लोन्ली प्लानेट र ट्रीप एडभाइजरसँगको सहमतिलाई पनि निरन्तरता दिइने बोर्डले जनाएको छ । छिमेकी मुलुक भारत र चीनका विभिन्न सञ्चारमाध्यममा पनि नेपालको विज्ञापन गरिनेछ ।

विभिन्न शहरमा चल्ने बसहरूमा नेपालको पोस्टर टाँसी प्रवर्द्धन गर्ने कार्यक्रमलाई समेत बजेटले निरन्तरता दिएको छ । विदेशस्थित दूतावासहरूसँगको सहकार्यलाई समेत जारी राख्ने उल्लेख गरिएको छ ।

**काठमाडौँबाहिर मिनी मार्ट**

पर्यटन बोर्डले काठमाडौँ बाहिरका विभिन्न गन्तव्यमा मिनी मार्ट आयोजना गर्ने भएको छ । काठमाडौँमा हिमालयन ट्राभल मार्ट र लुम्बिनी ट्राभल मार्ट जारी राख्दै मोफसलका पर्यटकीय गन्तव्यसम्म मार्ट विस्तार गर्नेगरी बजेट बनाइएको छ ।

बोर्डका सीईओ जोशीले पोखरा एडभेन्चर टुरिजम मार्ट, पूर्वमा इस्ट ट्राभल मार्ट र पश्चिममा वेस्ट ट्राभल मार्ट आयोजना गर्ने योजना बनाइएको जानकारी दिनुभयो । लोकप्रिय गन्तव्यमा विदेशी पर्यटन व्यवसायी, विदेशी सञ्चारकर्मी तथा ब्लगर बोलाएर मार्ट सञ्चालन गर्ने र त्यसमार्फत पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

बोर्डले भ्रमण वर्षको अवधिमा पर्यटनसँग सम्बन्धित केही ठूला 'इभेन्ट' नेपालमा आयोजना गर्ने जनाएको छ । 'वर्ल्ड ट्रेल नेटवर्क' सन् २०२० मा नेपालमा आयोजना हुने भएको छ । यो संसारभरका ट्रेकिङ-ट्रेल व्यवसायीको वार्षिक 'कन्क्लेभ' हो । त्यस्तै, 'वर्ल्ड इको टूरिजम कन्क्लेभ', पनि नेपालमा आयोजना गरिनेछ । 'माइस टुरिज्म' र 'सिनेमा टुरिज्म'लाई विशेष प्राथमिकता दिइनुका साथै फोटो र भिडियोलाई बढीभन्दा बढी प्रवर्द्धन गर्ने योजना बनाइएको छ ।

काठमाडौँ मिथिला फेस्टिभल आयोजना गरिने तथा देशभरका धामी झाँक्रीलाई काठमाडौँमा जम्मा गरे प्रदर्शनी गर्नेजस्ता कार्यक्रम पनि बजेटमा समेटिएको छ । इलाम, नारायणी नदीतटजस्ता क्षेत्रको सम्भाव्यता अध्ययन गरी सम्भावित पूर्वाधार निर्माणको अध्ययन गरिनेछ । यस वर्ष 'टुरिज्म स्याटेलाइट सिटी'को पनि अध्ययन गरिनेछ । यसमा प्रदेश सरकार र योजना आयोगलाई लगानीका लागि प्रेरित गरिने उल्लेख छ ।

# नेपाल प्रहरीका तीन भवन शिलान्यास

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २४

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले महानगरीय अपराध महाशाखा टेकु, महानगरीय प्रहरी परिसर भद्रकाली र नेपाल पुलिस क्लव भृकुटीमण्डपमा




नवनिर्माण हुने बहुउद्देश्यीय भवनहरूको मंगलबार छुट्टाछुट्टै शिलान्यास गरे ।

शिलान्यासपछि नेपाल पुलिस क्लव भृकुटीमण्डपमा आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले नेपाल सरकारबाट जग्गा प्राप्ती हुनु आफैंमा उपलब्धी भएको चर्चा गर्दै सबै भवनहरू पारदर्शी रूपमा काम हुने गरी निर्माण गरिने बताए ।

विगत २५ वर्षदेखि धेरैको हृदयमा बस्न सफल पुलिस क्लवले आगामी दिनमा अपेक्षा अनुसारको विश्वसनीय सेवा प्रदान गर्ने विश्वास व्यक्त गरे ।

प्रहरी महानिरीक्षक खनालले जसरी भवनहरू सुन्दर हुन्छन्, त्यसैगरी सुन्दर भवनसँगै प्रहरी सेवालाई थप परिस्कृत गर्दै नयाँ उर्जा, निष्ठा एवम् ईमान्दारिताका साथ सुन्दर सेवा प्रवाह गर्न प्रहरी सदैव कटिबद्ध रहेको बताए ।

भवन निर्माणको क्रममा कुनै पनि किसिमको अनियमितता सह्यय नहुने बताउँदै तोकिएको समयमै गुणस्तरीय भवन निर्माण सम्पन्न गर्नेतर्फ अग्रसर हुन निर्माणमा संलग्न सबैमा उनले आग्रह गरे ।

अपराध महाशाखा तथा परिसरमा कसुर अनुरूपको हिरासत कक्षको व्यवस्थाको साथै सेवाग्राहीमैत्री संरचना समेत उक्त नयाँ भवनमा हुने चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले प्रहरी कार्यालयले आफ्ना कार्य कानून सम्मत, सेवाग्राहीमैत्री र




पारदर्शी रूपमा गर्नुपर्ने बताए । अनुसन्धानको क्रममा पत्राउ परेका सबैलाई प्रहरीको व्यवहार समान हुने चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले भने, 'कोही मानिस प्रहरी कार्यालयमा आयो भन्दैमा के परेछ भन्दै हेर्ने दृष्टिकोणमा गलत बुझाई नहोस् । साथै मैले मेरो प्रहरीलाई सूचना दिन र जाने बुझेको कुरा बताउन आएको हो भनी सूचना दिन आउनेलाई छुट्टै डेस्क हुन्छ र आफ्नो कुरा राख्न पाईन्छ ।'

नेपाल प्रहरीले अंगिकार गरेको समुदाय प्रहरी साझेदारी अवधारणाअनुरूप भएका गतिविधि अत्यन्तै फलदायी रहेको चर्चा गर्दै उनले यसअन्तर्गत विभिन्न समिति र स्थानीय तहसँगको सहकार्यमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको जानकारी दिए ।

महिला हिंसा, बालबालिकामाथि हुने अन्याय, साइबर अपराध सँगसँगै मानव बेचबिखन जस्ता अपराध निस्तेज पार्न नेपाल प्रहरी संवेदनशील भएर अगाडि बढेको र सरोकारवाला निकायहरूसँग सहकार्य एवम् समन्वय गर्दै जानेमा उनले जोड दिए ।

उक्त अवसरमा प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक ई. लोकेशचन्द्र सिंहले निर्माण हुने भौतिक संरचनाका सम्बन्धमा संक्षिप्त जानकारी प्रस्तुत गर्दै शिलान्यास सम्पन्न निर्माण योजनाहरूलाई समयमै तोकिएको गुणस्तर सहित सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीले धन्यवाद




ज्ञापन गर्दै आगामी दिनमा विगतभन्दा उत्कृष्ट प्रहरी सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल सरकारबाट प्राप्त ९ रोपनी जग्गामा निर्माण हुने महानगरीय अपराध महाशाखाको भौतिक संरचनाले ७५ हजार वर्गफिट क्षेत्रफल ओगटने छ । नेपाल सरकारबाट प्राप्त १५ रोपनी जग्गामा निर्माण हुने महानगरीय प्रहरी परिसर काठमाडौंको भौतिक संरचनाले १ लाख ६५ हजार वर्गफिट क्षेत्रफल ओगटने छ ।

२६ रोपनी २ आना १ पैसा ३ दाम क्षेत्रफल रहेको नेपाल पुलिस क्लवको नवनिर्माण हुने भौतिक संरचनाले ६० हजार वर्गफिट क्षेत्रफल ओगटने छ । तीन वटै संरचना २ वर्षभित्र निर्माण सम्पन्न गरिने लक्ष्य रहेको छ ।

नवनिर्माण हुने महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय अपराध महाशाखाको भवन आधुनिक साथै सुविधायुक्त एवं कार्यालयको कार्यप्रकृति बमोजिम कार्यालय, ब्यारेक, मिटिङ हल, व्यायाम हल, मेश र बाथरूम आदिको व्यवस्थापन गरिने छ । सेवाग्राहीले सहजताका साथ सेवा प्राप्त गरून् भन्ने उद्देश्यले आवश्यक संख्यामा कार्यालय कक्ष, प्रतीक्षालय, चमेनागृह र खुल्ला स्थानको उत्तम एवं सुरक्षित प्रबन्ध गरिने छ । दुवै संरचनाहरूमा भूकम्प प्रतिरोधात्मक, अपाङ्गमैत्री, महिलामैत्री, वातावरणमैत्री हुनुको साथै वेसमेन्ट पार्किङको समेत व्यवस्था गरिनेछ ।

साथै नवनिर्माण हुने नेपाल पुलिस क्लवको बहुउद्देश्यीय भवनमा अत्याधुनिक सुविधा सहितको मुख्य हल र अन्य २ वटा कन्फ्रेन्स हल तथा वेसमेन्ट पार्किङको व्यवस्था गरिनेछ । भवन अत्याधुनिक प्रविधि अनुरूप डिजाइन गरिएको छ ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, स्थानीय निकायका प्रतिनिधिहरू, उपत्यकास्थित सामुदायिक सेवा केन्द्रका पदाधिकारी तथा प्रतिनिधिहरू, प्रहरी अधिकृतहरू तथा जवानहरू लगायतको उपस्थिति थियो ।

## १३ वर्षमा...

बाँकी रहेको जनाएको छ । यी मुद्दाहरूमध्ये कतिपय मुद्दा भने पछिल्लो आवको सरेको मुद्दा समेत रहेको विभागले जनाएको छ ।

उजुरी आउँदा ८० प्रतिशतभन्दा बढी ट्रेडमार्क दर्ता दाबी विरोधको आउने तथा त्यसपछि क्रमशः १५ प्रतिशत चोरी भयो भन्दै र ५ प्रतिशत भने दर्ता बदर गरिपाऊँ भनेर विभागसमक्ष निवेदन आउने गरेको उपसचिव महतले जानकारी दिए ।

ट्रेडमार्क चोरी गर्दा व्यवसायीहरूले विश्वमा चर्चित तथा लोकप्रिय ब्रान्डहरूको ट्रेडमार्क नक्कल गर्ने गरेको विभागका अधिकारीहरू बताउँछन् । यसरी चर्चित र लोकप्रिय ब्रान्डको ट्रेडमार्कको चोरी गरी आफ्नो उत्पादनमा राख्दा उपभोक्ताको विश्वास सहज र छिटो प्राप्त गर्न व्यवसायी सफल हुने भएकाले व्यवसायीहरूले यसको चोरी गर्ने गरेको उपसचिव महत बताउँछन् । 'यसले गर्दा उपभोक्ताले सक्कली भनेर नक्कली वस्तु तथा सामग्रीको महँगो मूल्यमा प्रयोग गरिरहेका हुन्छन्, यसलाई रोक्नको लागि समेत कतिपय अवस्थामा विभागले उजुरी नआएको अवस्थामा समेत ट्रेडमार्क दर्ता गर्दैन', उनले भने, 'हामी ट्रेडमार्क दर्ता गर्न आउँदा शंका लागेमा त्यसको विषयमा आन्तरिक अध्ययन गर्छौं अनि मात्र ठोस निर्णय गरी अघि बढ्ने गर्छौं ।'

नेपाली उपभोक्ताहरू पनि नेपाली बजारमा पाइने सामग्री सक्कली नभएको बताँउछन् । विश्वमा चर्चित ब्रान्ड एडिडासको ट्रेडमार्क चिह्न भएको टिसर्ट लगाएका उपभोक्ता पवन केसीले भने, 'मैले एडिडासको लोगो देखेर यो टिसर्ट लगाएको हुँ तर मलाई विश्वास छैन कि यो सक्कली हो ।' पवन जस्तै धेरै उपभोक्ता छन्, जो विश्वमा चर्चित ब्रान्डहरू नेपालसम्म नआइपुग्नेमा ढुक्क छन् तर बजारमा भने प्रशस्त देखिन्छन् ।

ट्रेडमार्कसम्बन्धी नेपालको कानुन र पेरिस महासन्धि (१८८३) मा रहेर ट्रेडमार्क चोरीको विषयलाई लिएर विभागले निर्णय गर्ने गरेको उपसचिव महतले बताए ।

ट्रेडमार्क, पेटेन्ट र डिजाइनलाई पेरिस महासन्धिले औद्योगिक सम्पत्ति मानेको छ । नेपाल पनि सो सन्धिको पक्षराष्ट्र रहेको छ । 'हामी अर्थात् नेपाल २००६ मा सदस्य बनेका हौं', उनले भने, 'त्यसैले संसारको कुनै पनि कुनामा दर्ता भएको ट्रेडमार्क नक्कल गरी नेपालमा दर्ता गर्न खोजेमा त्यसलाई हामी रोक्ने गरेका छौं ।'

विभागले निकासा पैठारी तथा बौद्धिकसम्बन्धी ऐन २०६३ मा रहेर ट्रेडमार्कको विषयमा निर्णय गर्ने गर्छ । विभागको महानिर्देशक नै निर्णयकर्ता हुन्छन् । उजुरीको विषयमा दुई पक्षबीच अदालती प्रक्रियाअनुरूप नै बहस हुने र विभागका महानिर्देशकले निर्णय गर्ने व्यवस्था रहेको छ । महानिर्देशकको निर्णय चित्त नबुझेमा अदालत जाने पाउनेछन् र यो अभ्यास भइरहेको पनि छ । प्रायःजसो महानिर्देशकको निर्णय नबुझनेहरू उच्च अदालत जाने गरेको बताँउछन् सहसचिव महत । 'महानिर्देशकको निर्णय चित्त नबुझेमा उच्च अदालत जाने गर्छन् तर हामीले हालसम्म जति पनि निर्णय गरेका छौं त्यसलाई उच्च अदालतले सदर गर्दै आएको छ', उनले भने ।

यदि जिल्ला अदालतको निर्णय उजुरीकर्ता अर्थात् वादी वा बचाउ गर्ने अर्थात् प्रतिवादी दुवै पक्षलाई चित्त नबुझेमा सर्वोच्च अदालतसम्म जान पाउँनेछन् । तर हालसम्म सर्वोच्च भने गएको उदाहरण नभएको विभागका अर्का अधिकारी बताउँछन् ।

विश्वमा लोकप्रिय र नेपाली जानकार रहेका विश्वका लोकप्रिय र चर्चित ब्रान्डहरूको ट्रेडमार्क नक्कल गर्दा नेपाली तथा विदेशी विशेष गरी भारतीय व्यवसायीहरूले सामग्रीहरू भने उत्पादन गरिरहेको पाउन सक्छौं । उनीहरूले आर्थिक फाइदाका लागि मात्रै सो काम गर्दै आएको पाइन्छ ।

## विश्वकप...

अन्जनले दुवै हाफमा नेपालका लागि एक/एक दुई गोल गरे । खेलको तेस्रो मिनेटमा गोल गरेका अन्जनले ६३औं मिनेटमा अर्को गोल गरेका थिए । विश्वकप छनोटको दोस्रो चरणमा नेपालको यो ऐतिहासिक जित पनि हो ।

फिफा वरीयतामा नेपालभन्दा धेरै माथि रहेको ताइपेईविरूद्ध नेपाली खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरेका हुन् । यसअघि कुवेतविरूद्ध भएको पहिलो खेलमा नेपाल ७-० ले पराजित भएको थियो । जितसँगै नेपालले तीन अंक जोडेको छ ।

## सञ्जय...

'आक्वा हन्ड्रेड' ब्राण्डको मिनरलवाटर पानी खान अयोग्य भएको प्रमाणित विभागले गरेको थियो । गुणस्तरहीन भएको पानी बजारमा बिक्रीवितरण भएपछि विभागले आक्वा मिनिरल नेपाल प्राइभेट लिमिटेड एचसी दुगड ग्रुपका मुख्य व्यक्ति सञ्जय दुगडलाई विभागमा उपस्थित हुन पत्र समेत काट्दै आएको थियो । सञ्जय दुगड नेपालबाहिर बस्दै आएका कारण उनलाई विभागले भेट्न समेत सकेको छैन ।

एचसी दुगड ग्रुपद्वारा उत्पादन गरेको 'के ०१८ ब्याच' नम्बर रहेको पानीमा खुला आँखाले देखिने गरी किरा (साङ्ला) भेटिएको विभागको भनाइ छ । खाद्य ऐन २०७५ को दफा १८ 'ग' मा उल्लिखित उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवा उत्पादन वा बिक्री गर्नेको कसुर दफा १८ विपरीत हुने गरी काम गरे वा गराएमा कारबाही हुने कानुनमा उल्लेख छ ।

## बैंक..

सेवाको पहुँच रोक्ने लगायतका जोखिमबाट हुनसक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्नको लागि आवश्यक पेरिमिटेर डिफेन्स, एक्सिस कन्ट्रोल, एन्टिभाइरस, फेयरवेल आदि जस्ता प्राविधिक क्षमता सुदृढ गर्ने व्यवस्था गर्ने, अद्यावधिक गर्ने, सूचना आदानप्रदान गर्ने, भुक्तानी आदेश गर्दा वा सेवा प्रवाह गर्दा अवलम्बन गरेका प्रणालीको सत्यता जाँच गरेर मात्र प्रयोग गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

कतिपय असम्बन्धित व्यक्ति स्थानबाट नक्कली पत्राचार एवं भुक्तानीको आदेश समेतबाट प्रयुक्त प्रणालीको दुरूपयोग गर्ने प्रयासहरू भएको सन्दर्भमा प्रणालीहरूको आवश्यकता अनुगमनको व्यवस्था गर्ने र भएका घटना र आक्रमणको सूचना सम्बन्धित निकायमा दिने व्यवस्था गर्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ । सोअनुरूप बैंक तथा फाइनान्स कम्पनीहरूले सञ्चालनका रहेका प्रणालीहरूबारे सुरक्षा जोखिम, न्यूनीकरण र रोकथामसम्बन्धी रणनीति तयार गरी सो देखिएका समस्याहरूलाई तत्काल सम्बोधन गरी अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप सक्रियतापूर्वक व्यवस्था गर्ने र कर्मचारी तथा प्रयोगकर्ताहरूको क्षमता अभिवृद्धि गर्न समेत राष्ट्र बैंकले निर्देशन दिएको छ । यसको लागि मन्त्रिपरिषद्बाट स्वीकृत सूचना प्रविधि आकस्मिक सहायता समूह निर्देशिका २०७५ बमोजिम साइबर सुरक्षासम्बन्धी घटनामा तत्काल सहायता उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याउन पनि राष्ट्र बैंकले निर्देशन दिएको छ ।

## दक्षिण...

डिपोमा बट्टामा तेल थापेर नेपाल आयल निगमको ट्यांकीमा जम्मा गरिएको थियो ।

दुवै देशका प्रधानमन्त्रीले मंगलबार औपचारिक रूपमा उद्घाटन गरेसँगै इन्धन आपूर्ति नियमित हुने नेपाल आयल निगम अमलेखगञ्ज डिपोका प्रमुख प्रदिप यादवले जानकारी दिए । भारतको पटनाबाट मोतिहारी हुँदै नेपालको अमलेखगञ्जसम्म कुल २५९.७ किलोमिटरमध्ये नवनिर्मित मोतिहारीदेखि अमलेखगञ्जसम्मको ६९.७ किमि लामो पाइपलाइनबाट पहिलो चरणमा ३१ लाख लिटर डिजल पठाएर गत साउन ३ गते गरिएको परीक्षण सफल भएको थियो । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाको कुल बजेट २ सय ७५ करोड भारतीय रकम रहेको र त्यसमध्ये २ सय करोड भारतीय आयल निगमले व्यहोरेको छ भने ७५ करोड नेपाल आयल निगमले व्यहोरेको क्षेत्रीय प्रमुख इन्जिनियर यादवले जानकारी दिए । भारतको मोतिहारीदेखि रक्सौलसम्म ३२.७८ कि.मि. रहेको छ भने रक्सौल सिमानादेखि अमलेखगञ्जसम्म ३६.२८ कि.मि. पाइपलाइन विस्तार गरिएको छ । १०.७५ इन्चको डायमिटर रहेको उक्त पाइपमा १ घण्टामा २ सय लिटर पेट्रोलियम पदार्थ आउने उनले बताए । पाइपलाइनमार्फत पेट्रोल, डिजेल, मट्टीतेललगायतका पेट्रोलियम पदार्थ ल्याउन सके पनि हालको समयको लागि डिजेल मात्रै ल्याउने निगमको अमलेखगञ्ज डिपो प्रमुख यादवले बताए । यादवले पेट्रोल र मट्टीतेलको खपत कम र व्यवस्थापन नभएकोले डिजेल ल्याउने बताए । पाइपलाइनबाट नियमित रूपमा दैनिक २० घण्टा सञ्चालन हुँदा दैनिक ३० हजार किलोलिटर तेल भित्र्याउन सकिने निगमले जनाएको छ । पाइपलाइनबाट हालका लागि डिजल मात्रै आयात गरिने र पेट्रोल आयात गर्न थप एक वर्ष लाग्न सक्ने उनले जानकारी दिए । पाइपलाइनबाट पेट्रोलियम पदार्थ ल्याउँदा वार्षिक दुई अर्बभन्दा बढी ढुवानी खर्च बचत हुने निगमले जनाएको छ ।

इन्धनको मूल्य घट्यो

पाइपलाइन सञ्चालनमा आएसँगै इन्धन ढुवानी लागतको न्यूनीकरणले पेट्रोलियम पदार्थको उपभोक्ता मूल्यसमेत घटेको छ । मंगलबार मध्याह्नदेखि लागू हुने गरी निगमले डिजेल, पेट्रोल र मट्टीतेलमा प्रतिलिटर दुई-दुई रूपैयाँ घटाएको छ । देशभित्र खपत हुने डिजेलमध्ये ७० प्रतिशत अमलेखगञ्जबाट आपूर्ति हुँदै आएको निगमले जनाएको छ ।

यो पाइपलाइन दक्षिण एसियाकै पहिलो 'क्रस बोर्डर' परियोजना हो । परियोजनाको उद्घाटनका क्रममा निगमका कार्यकारी निर्देशकसहितको उच्च प्राविधिक टोली अमलेखगञ्ज पुगेको थियो । निगम र भारतीय आयल कर्पोरेसनबीच अन्तर्देशीय पेट्रोलियम पाइपलाइन परियोजना निर्माणका लागि सन् २००४ मा सम्झौता भएको थियो । सो परियोजना विविध कारणले एक दशकभन्दा बढी समय रोकिएर रहेको थियो । सन् २०१५ को अगष्टमा तत्कालीन वाणिज्य तथा आपूर्तिमन्त्री सुनिलबहादुर थापा र उनका भारतीय समकक्षी धर्मेन्द्र प्रधानले हस्ताक्षर गरेसँगै परियोजना निर्माण सुरू भएको थियो । सो परियोजना निर्माणमा नेपाल र भारत सरकारले अत्यन्त चासो व्यक्त गरेका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा नयाँ दिल्लीबाट प्रधानमन्त्री ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्तरूपमा पाइपलाइन परियोजनाको शिलान्यास गरेका थिए ।

**निक्षेप तथा कर्जा सुरक्षण कोषको लगानीसम्बन्धी सूचना**

कोषको लगानीसम्बन्धी सूचना कोषको वेबसाइट www.dcgf.org.np मा विस्तृत विवरणसहित राखिएको व्यहोरा वाणिज्य बैंकहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**लेखा विभाग**
केन्द्रीय कार्यालय, टंगाल, काठमाडौं ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/०५/२५

यस कम्पनीको मिति २०७४/०८/२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **नरदेवी दन्त सेवा प्रा.लि.**(प्रा.लि.नं.१३९६०१) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०९/०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एस थेटीक्स डेन्टल केयर प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/०५/२५

यस कम्पनीको मिति २०७५/०८/०६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **बज्र रेष्ट्रो एण्ड बार प्रा.लि.**(प्रा.लि.नं.१५०५७२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०८/१० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **बर्गर टावर प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७६/०५/२५

यस कम्पनीको मिति २०७५/१०/०४ मा सम्पन्न विशेष वैठकको निर्णयानुसार साविकको कम्पनी **रुम्बा ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (**प्रा.लि.नं.** १७६०२८/०७४/०७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/१२/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **वुडस्टक टुर्स एण्ड ट्राभल्स प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

**राहदानी हरायो**

मिति २०७६/०५/१८ गते बसुन्धरादेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।
Name : Prakash Kc
Address : Tokha-07, Kathmandu
PP No : 06075589
Phone : 9864542442

**बीमालेख हरायो**

यस कम्पनीले जारी गरेको **प्रकाश पोखरेलको** बीमालेख नं.१०१०३३९४२को बीमालेख मिति २०७५/५/२४ मा हराएको हुँदा फेलापार्नु हुने महानुभावले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।
**नेपाल लाइफ इन्स्योरेन्स कं. लि.**
शाखा कार्यालय काठमाडौं ।
फोन नं. ४१६९१२९, ४१६९१३०
पोष्ट बक्स नं. ११०३०



**जोखिम मोलेर महाकालीबाट बालुवा सङ्कलन :** नेपाल-भारत सीमा नदी भएर बग्ने महाकाली नदीबाट दैनिक सयौ व्यक्ति जोखिम मोलेर बालुवा सङ्कलन गर्ने गरेका छन् । स्थानीयले दैनिक ६० रूपैयाँ प्रतिकठ्ठा बालुवा बिक्री गर्ने गरेका छन् । महाकाली नदीको बीच भागमा पुगेर बालुवा झिक्दा स्थानीयलाई जोखिम हुने गरेको छ । तस्बिर : रासस

# सिंगो गाउँपालिका समेट्न टेलिकमको एफटीटीएच सेवा

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४

नेपाल टेलिकमले पहिलो पटक सिंगो गाउँपालिकालाई समेट्ने गरी द्रुत गतिको इन्टरनेट सेवा (एफटीटीएच-फाइबर टु द होम) को सुरू गरेको छ । भगवान् गौतम बुद्धको पवित्र भूमि रूपन्देही जिल्लाको गैडहवा गाउँपालिकास्थित सूर्यपुरा बजारमा सोमबार एक कार्यक्रमबीच सेवा सुरू गरिएको हो ।

पूर्वमन्त्री तथा संसद्को सार्वजनिक लेखा समितिका सभापति एवं रूपन्देही क्षेत्र नम्बर ५ का सांसद भरतकुमार शाहले नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनाललाई एफटीटीएच प्रविधिको भ्वाइस तथा भिडिओ कल गरेर सो सेवाको विधिवत् शुभारम्भ गरेका थिए ।

सो अवसरमा शाहले सेवा उपलब्ध गराएकोमा नेपाल टेलिकमलाई धन्यवाद दिदै ग्रामीण भेगमा उच्च गतिको इन्टरनेट सेवा जडान भएकोले सबै समुदायलाई त्यसको उच्चतम प्रयोग गरी लाभान्वित हुन आग्रह गरे । नेपाल टेलिकम भैरहवा क्षेत्रीय निर्देशनालयका निर्देशक सूर्यनारायण मालाकारले नेपाल टेलिकमले अंगिकार गर्नुपर्ने विभिन्न झञ्झटिला कानुनी प्रावधान र यसका कारण भोग्नु परेका समस्या बारेमा उल्लेख गर्दै कम्पनी सदैव ग्राहक सेवामा केन्द्रित रहेको बताए ।

नेपालमै पहिलो पटक गाउँपालिका स्तरमा द्रुत गतिको इन्टरनेट सेवा प्रदान गर्ने सुअवसर प्राप्त भएकोमा खुसी व्यक्त गर्दै निर्देशक मालाकारले आगामी दिनमा अन्य गाउँपालिकाहरूमा पनि क्रमशः सेवा विस्तार गर्दै लगिने जानकारी दिए । उक्त कार्यक्रममा त्यस भेगका उद्यमी, व्यवसायी, संघ संस्थाका प्रमुख, गाउँपलिकाका पदाधिकारी लगायत सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।

गाउँमा सञ्चार सेवाहरू उपलब्ध नहुँदा र हुँदाका अवस्थाका बारेमा तुलनात्मक व्याख्या गर्दै समग्र गाउँपालिकाको तर्फबाट गैडहवा गाउँपालिकाका प्रमुख बच्चुलाल केवटले



आफ्ना भनाइहरू राखेका थिए । कार्यक्रममा एफटीटीएच खरिद गर्ने ग्राहकहरूलाई राउटर (सीपीई) हस्तान्तरण गर्दै खादा ओढाएर सम्मान गरिएको थियो । सोही अवसरमा त्यस भेगका जनतालाई निःशुल्क प्रिपेड सिम समेत वितरण गरिएको थियो ।

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजरका साथै कम्बो प्याकेज समेत उपलब्ध गराइरहेको छ । यसअन्तर्गत न्यूनतम एक वर्षका लागि ८ एमबीपीएसको प्याक जम्मा आठ हजार रूपैयाँमा उपलब्ध छ । हाल एफटीटीएच प्याकेजअन्तर्गत नयाँ लाइन जडान गर्ने ग्राहकले एक थान वाइफाई राउटर (सीपीई) र एक सय मिटर ड्रप फाइबर निःशुल्क प्राप्त गर्नेछन् ।

एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुर्‍याई ट्रिपल प्ले अर्थात् भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरू प्रदान गर्न सकिने भएकोले ग्राहकहरूको लागि यो सेवा प्रभावकारी र अत्याधुनिक रहेको कम्पनीले दाबी गरेको छ ।

# जर्मनीमा जारी आईएफए ट्रेड शोमा हुवावेका नयाँ उत्पादन सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४

हुवावेले जर्मनीको बर्लिनमा जारी कन्ज्युमर इलेक्ट्रोनिक्स तथा होम अपलायन्सेसका लागि विश्वकै अग्रणी व्यापार शो आईएफएमा आफ्ना नयाँ उत्पादनहरु र प्रविधि सार्वजनिक गरेको छ । ६ सेप्टेम्बरदेखि सुरु भएको उक्त आईएफ व्यापार शो ११ सेप्टेम्बरसम्म चल्ने कम्पनीले जनाएको छ ।

उक्त ट्रेड शोमा सार्वजनिक गरिएका हुवावेका धेरै उत्पादनहरुमध्ये प्रविधि क्षेत्रकै बिल्ट-इन फाइभ जी मोडेलजडित किरिन ९९० युक्त पहिलो र अल इन वान फ्ल्याशिप एसओसी पनि रहेको छ । आईएफएमा 'रिथिन्क इभोलुसन' शीर्षकमा किनोट स्पीच दिँदै हुवावे टेक्नोलोजिज कन्ज्युमर बिजनेस ग्रुपका प्रमुख कार्यकारी अधिकृत रिचर्ड यू ले पछिल्लो फ्ल्याशिप किरिन ९९० सिरिजअन्तर्गतको किरिन ९९० तथा त्यसको फाइभ जी भर्सन सार्वजनिक गरे । उत्कृष्ट फाइभ जी अनुभव प्रदान गर्न किरिन ९९० को कार्यक्षमता, प्रभावकारिता, एआई कम्प्युटिङ, आइएसपी स्तोरोन्नति गर्दै मोबाइल फोन प्रयोगको अनुभवलाई नयाँ स्तरमा पुर्‍याइएको छ । अत्याधुनिक ७ एनएम तथा इयूभी उत्पादन प्रक्रिया भएको फाइभ जी किरिन ९९० मा फाइभ जी मोडेम छ । यसले थोरै ब्याट्रीको खपत गर्दछ ।

बलोङ ५००० को सर्वोत्कृष्ट कनेक्टिभिटी क्षमतामा आधारित किरिन ९९० फाइभ जीमा प्रति सेकेण्ड २.३ जिबिट डाउनलिंक रेट रहेको छ भने प्रति सेकेण्ड १.२५ जिबिटको अपलिंक पिक रेट रहेको छ र अद्वितीय फाइभ जी अनुभव प्रदान गर्ने गर्दछ । किरिन किरिन ९९० फाइभ जीमा धेरै संख्यामा ट्रान्जिस्टरहरु, सबैभन्दा धेरै फ□सनहरु र औंलाको नङजत्रो आकारमा १०.३ अर्ब ट्रान्जिस्टरहरु रहेका छन् । यो दा भिन्सी आर्किटेक्चरमा निर्मित डुअल कोर भएको पहिलो □ल्यागशीप एसओसी पनि हो । यसमा कम प्रकाश भएको स्थानहरुमा पनि उत्कृष्ट र स्पष्ट तस्वीरहरु प्रदान गर्न इमेज सिग्नल प्रोसेसरको पनि सुधार गरिएको छ । स्तोरोन्नति गरिएको आइएसपीका आधारमा किरिन ९९० फाइभ जी ले ब्रान्डन्यू कुल फेस एआर सुविधा प्रदान गर्दछ । फेस एआर सुविधाले फेस मोडलिङ, वास्तविक समयमा ट्र्याकिङ र अनुहारको हाउभाउ कैद गर्दछ । साथै स्वास्थ्यसम्बन्धी डाटाहरु जस्तै मुटुको धड्कन, श्वासप्रश्वासको दर र एआर एप्लिकेसनहरुको नयाँ सम्भावनाहरुको एक्सप्लोर गरेको छ । किरिन ९९० सिरिज जडित ह्वावे मेट सिरिज यही सेप्टेम्बर महिनामा सार्वजनिक हुँदै छ । योसँगै स्मार्टफोन प्रयोगको कार्यक्षमता र फाइभजी अनुभव एउटा नयाँ उचाइमा पुग्नेछ ।

त्यस्तै पाँच दिने आईएफ व्यापार शो मा नयाँ जेनेरेसनको होल होम वाईफाई सिस्टम हुवावे वाईफाई क्यू टु प्रो सार्वजनिक गरिएको थियो । हुवावेको गिगाहोम ५६३० गिगाबिट पीएलसी मोडेम चिप जडित र पीएलसी टर्बो प्रविधियुक्त हुवावे वाईफाई क्यू टु प्रो राउटरले पीएलसी नेटवर्किङको एन्टी इन्टरभरेन्स क्षमतामा वृद्धि गर्छ र २०० एमबीपीएस ब्रोडब्यान्ड र छिटो फाइबर अप्टिक ब्रोडब्यान्डको प्रयोग गर्दै नयाँ प्रविधिको आत्मसात् गर्दछ । थर्ड जेनेरेसन ह्वावे बेस स्याटलाइट राउटरका रूपमा ह्वावेको वाइफाई क्यू टु प्रोले नेटवर्क सिग्नल ट्रान्समिसनका क्रममा देखिने समस्याहरु हल गर्दछ । यसले बेस तथा स्याटलाइट राउटरहरुबीचको गुणस्तरलाई बढाउँछ । छिटो ब्रोडब्यान्ड एक्सस भएका घरहरुका लागि यसको प्रयोग निकै राम्रो हुनेछ । ह्वावे वाईफाई क्यू टु प्रोले नेक्स्ट जेनेरेसनको आईपीभी सिक्स नेटवर्क कम्युनिकेसन प्रोटोकल सपोर्ट गर्दै प्रयोगकर्ताको गोपनीयता र नेटवर्क सुरक्षालाई सुदृढ बनाउँछ । किरिन ९९० र वाईफाई क्यू टु प्रोसँगै आईएफएमा सार्वजनिक गरिएको अर्को उत्पादन भनेको पी ३० प्रो को नयाँ भर्सनहरु रहेका छन् । पी सिरिजअन्तर्गतको आकर्षक डिजाइनहरु तथा नवीनतम इमेज टेक्नोलोजीलाई निरन्तरता दिँदै ह्वावे पी ३० प्रो नयाँ डिजाइनहरु र कलर्स रिडिभाइनिङका साथमा पुनः सार्वजनिक गरिएको छ। प्रकृतिबाट प्रेरित भई ह्वावे पी ३० प्रो का दुई नयाँ डिजाइनहरु म्याट सर्फेस स्यान्डिङ प्रोसेसबाट बनाइएको हो । मिस्टिक ब्लू र मिस्टी ल्याभेन्डर रंगमा रहेको ह्वावे पी ३० प्रो ले नयाँ सम्भावनाहरु उजागर गरेको छ र मोबाइलको लुकलाई नयाँ र निकै आकर्षक डिजाइन प्रदान गरेको छ ।

# पर्यटन बोर्डद्वारा फोटो नेपालको शुभारम्भ

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४

नेपाल पर्यटन बोर्डले निर्माण गरेको फोटोनेपाल डट ट्राभलको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले शुभारम्भ गरेका छन् ।

बोर्डले राजधानीमा आयोजना गरेको एक कार्यक्रमका बीच मन्त्री भट्टराईले फोटो नेपालको शुभारम्भ गरेका हुन् । नेपाल पर्यटन बोर्डले विगत चार वर्षदेखि नियमित रूपमा फोटो नेपाल प्रदर्शनीको आयोजना गरिरहेको छ । नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख दीपकराज जोशीले फोटोनेपाल डट ट्राभलको शुभारम्भसँगै फोटोमार्फत देशको प्रवर्द्धन गर्ने बोर्डको अभियान अर्को चरणमा प्रवेश गरेको बताए ।

उनले फोटो नेपालबाट फोटोग्राफरका लागि आफ्नो फोटो प्रदर्शन गर्ने राम्रो प्लेटफर्म, विज्ञ, वरिष्ठदेखि लिएर सिकिरहेका सम्मलाई फोटो देखाउन र प्रतिक्रिया लिन सहज हुने, नेपालका विविध फोटोहरू खोज्न सहज हुने, वेभसाइटमा भएको सर्च फिचर प्रयोग गरेर आफूलाई चाहेको फोटो खोज्न सकिने, फोटोहरूलाई सामाजिक सञ्जालमा सेयर गर्न सकिने बताए । प्रयोगकर्ताको कपिराइट सुरक्षित बनाइएको छ । विषयवस्तुको अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गर्न सकिने प्लेटफर्म मात्र नभएर पर्यटन बोर्डले समय-समयमा आयोजना गर्ने प्रतिस्पर्धात्मक कार्यक्रममा भाग लिन मिल्ने उनले बताए ।

वेभको सम्बन्धनले गर्दा कुनै पनि कन्टेन्ट तुरून्तै उपलब्ध हुने, प्रयोगकर्ता तथा फोटोको आवश्यकता भएका व्यक्ति विचको सिधै सम्बन्ध स्थापित गरिएको बोर्डले जनाएको छ ।

# शाओमीद्वारा एमआई ए३ सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४

शाओमी, ग्लोबल टेक्नोलोजी लिडरले एन्ड्रोइड वान-पावर्ड फोनको लाइनअपमा विश्वकै उच्चतम रिजोलुसन क्यामेरा सेटअप भएको नयाँ स्मार्टफोन एमआई ए३ सार्वजनिक गरेको छ । अघिल्लो एमआई ए२ एन्ड्रोइड स्मार्टफोनको सफलता पश्चात यस फोन सार्वजनिक गरिएको हो ।

एमआई ए३ मा एमआई ए सिरिजको भन्दा डिजाइनमा केहि परिवर्तन गरिएको छ । यस सेगमेन्टकै उत्कृष्ट फोन एमआई ए२ को कार्यात्मक पक्षलाई कायम राखेर एमआई ए३ मा नयाँ डिजाइन समावेश गरिएको छ । यस फोनमा क्वालकम स्न्यापड्रेगन ६६५ चिपसेट, एमोलिड सुपर डिसप्ले, ४०३० एमएएच ब्याट्री, ४८ एमपी ट्रीपल क्यामेरा सेटअप र इन-स्क्रिन फिङगरप्रिन्ट स्क्यानर जस्ता विशेषताहरू रहेका छन् । सबै एमआई ए सिरिज स्मार्टफोनहरूमा गुगल एन्ड्रोइड वान प्रोजेक्टद्वारा संचालित हुन्छ र यसमा एन्ड्रोइड ९ पाई पनि छ । एन्ड्रोइड वानबाट संचालित प्रत्येक एमआई ए सिरिज उपकरणले स्टीलर क्यामेराको अनुभव प्रदान गर्दछ ।

एमआई ए३ मा सोनीको ४८एमपी आईएमएक्स५८६ सेन्सर, ८ एमपी अल्ट्रा वाइड र २ एमपी डेप्थ् सेन्सरजस्ता विशेषताहरू



रहेको छ । ४८ एमपी ठुलो आधा-इन्च सेन्सरले इमेजको गुणस्तर कायम राखेर अधिकतम विवरण संकलन गर्ने अनुमति प्रदान गर्दछ । क्यामेराको अनुभव अझै बढाउन, एमआई ए३ मा पहिलो पटक एमआई सिरिजमा शाओमीको लोकप्रिय स्टिडी ह्यान्डहेल्ड नाइट फ्रोटोग्राफी मोड राखिएको छ ।

४८ एमपी क्यामेरा बाहेक एमआई ए३ मा ३२ एमपी फ्रन्ट क्यामेरा रहेको छ जुन विश्वकै उच्च मेगापिक्सेल क्यामेरा सेटअपमा गनिन्छ । ३२ एमपी क्यामेरामा सुपर पिक्सेल साइज १.६ एमएम रहेको छ । यसले कम प्रकाशमा पनि क्रिस्प र विस्तृत सेल्फीको अनुमति दिन्छ । एमआई ए३ मा ए सिरिजको कार्यक्षमतालाई सन्तुलनमा राख्दै नयाँ उच्चस्तरीय डिजाइनलाई मुर्त रूप दिइएको छ । यसमा वान ह्यान्डेड प्रयोग गर्न मिल्ने इर्गोनमिक फर्मका साथ ग्लास स्यान्डवीच डिजाइन जस्ता विशेषता रहेको छ ।

१५.६ सीएम (६.०८) सुपर एमोलिड डिस्प्ले उच्च पावर दक्षताको इमर्सिभ दृश्यको अनुभव प्रदान गर्दछ । ७ जेनेरेसन इन-स्क्रिन फिंगरप्रिन्ट स्क्यानरले १५ प्रतिशत फिंगरप्रिन्ट डिटेक्शन क्षेत्रलाई वृद्धि गरेर अघिल्लो जेनेरेसन भन्दा ३० प्रतिशत बढि प्रभावशाली रहेको छ । ट्रीपल कर्नींङ गोरिला ग्लास ५ ले एमआई ए३ को फ्रन्ट, रियर र क्यामेरा मुड्युललाई सुरक्षित राख्दछ । यसको कार्यक्षमता न्यानो-लेबल होलोग्राफिक प्याट्रनले पूरक गर्दछ । यसले गतिशील डिजाइन प्रवाह सृजना गर्दछ ।

अक्टा कोर चिपसेट छ जीबी एलपीडीडीआर ४एक्स र्‍याम र १२८ जीबी रोमसँग जोडिएको छ जसले स्मुथ र तीव्र प्रयोगकर्ता अनुभव प्रदान गर्दछ । एमआई ए३ मा १८ वाट्ट फास्ट चार्जिङ र १० वाट्ट चार्जर बक्स रहेको छ । एमआई ए३ मा गुगलको आविष्कारलाई शाओमीको हाडवेयरसँग जडान गरिएको छ ।

यस स्मार्टफोनको मूल्य ४ जीबी प्लस ६४ जीबी भेरियन्ट २३ हजार नौ सय ९९ रूपैयाँमा र ६ जीबी प्लस १२८ जीबी भेरियन्ट २७ हजार नौ सय ९९ रूपैयाँ तोकिएको कम्पनीले जनाएको छ । सेप्टेम्बर ११ तारिकबाट डराज डट कम डट एनपी र सस्तोडिल डट कममा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

# 'हुलाक बैंक'प्रति बचतकर्ताको आकर्षण



■ आर्थिक संवाददाता
बाँके, भदौ २४

बाँकेमा सहकारी संस्थाहरुले बचतकर्ताका रकम ठगिएका गुनासा बाहिर आउन थालेपछि हुलाक बचत बैंकप्रतिको चासो सर्वसाधारणमा ह्वात्तै बढेको छ । सहकारी संस्थाहरुमा बचतकर्ताहरुको रकम अशुरक्षित हुने जानकारी सार्वजनिक हुन थालेपछि बाँकेमा हुलाक बैंकप्रति बचतकर्ताहरुको आकर्षण बढ्न थालेको जिल्ला हुलाक कार्यालय बाँकेका प्रमुख गोविन्द पाण्डेले बताए ।

कर्मचारीको कम आकर्षण रहेको भनिने हुलाक कार्यालयमा आफूले प्रमुखको जिम्मेवारी सम्हालेको एक महिनायता हुलाक बचत बैंकलाई कसरी आकर्षक बनाउने भन्नेमा केन्द्रित भएको उनले बताए । पछिल्लो एक वर्षमा हुलाक बचत बैंकमा एक हजार सात सय ५० जनाको १० करोड रकम निक्षेप संकलन भएको छ ।

हुलाक प्रमुख पाण्डेले बचतमा कर नलाग्ने भएकाले त्यसबारेको प्रचारप्रसारमा आफूकेन्द्रीत भएको जानकारी दिँदै निक्षेपमा छ प्रतिशत ब्याजदर तथा ज्येष्ठ नागरिकका लागि थप एक प्रतिशत ब्याजदर सुविधा रहेको बताए ।

# 'द ब्रिटिश कलेज'का तीन सय २९ जना विद्यार्थी दीक्षित

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ २४

'द ब्रिटिश कलेज'ले आयोजना गरेकोपाँचौ दीक्षान्त समारोहमा ३२९ जना विद्यार्थीहरू दीक्षित भएका छन् । ५१ जना बिबिए (हन्स) बिजनेस एण्ड म्यानेजमेन्ट, ४८ जना एमएस्सी इन्टरनेशनल बिजनेस म्यानेजमेन्ट (द युनिभर्सिटी अफ द वेस्ट अफ इंग्ल्याण्ड, ब्रिस्टल), २ सय ३० जना बीएससी (हन्स) कम्प्युटिङका विद्यार्थी लिड्स बेक्केट युनिभर्सिटीबाट दीक्षित भएका हुन् । यो हालसम्मकै सबैभन्दा धेरै विद्यार्थीहरू दीक्षित भएको वर्ष रहेको र यसले कलेजको सफलताको पक्षलाई दर्शाएको कलेजका अपरेसन डाइरेक्टर महेन्द्रराज कँडेलले बताए ।

बौद्धस्थित हायत रिजेन्सीमा दीक्षान्त कार्यक्रममा विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । दीक्षान्त कार्यक्रममा दीक्षित हुने विद्यार्थीहरू, एकेडेमिसियनहरू, विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम सुरूवातमा 'द ब्रिटिश कलेज'का प्रिन्सिपल जोए फोस्टर एलिसले सम्बोधन गरेका थिए । 'द ब्रिटिश कलेज'का सीईओ तथा संस्थापक राजन कँडेलले नेपालको शैक्षिक क्षेत्रको विकासको लागि नेपालभरी गुणस्तरीय शिक्षा प्रदान गर्ने योजना रहेका बारेमा प्रष्ट पारेका थिए ।

साथै उनले भूतपूर्व विद्यार्थीहरूको लागि कलेजले सँधै




सहयोग गर्ने वाचा गरेका थिए । उनले कलेजमा रहेको 'अल्मुनाई'मा आबद्ध हुनको लागि समेत विद्यार्थीहरूलाई अनुरोध गरेका थिए । त्यस्तै,नेपालका लागि राजदुत रिचार्ड मोरिसले ब्रिटिश कलेजले नेपालमा नै अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त बेलायती विश्वविद्यालयहरूको सम्वन्धन लिएर नेपालमै विदशी डिग्री प्रदान गरेर उल्लेखनीय काम गरेको बताए । समारोहमा द एमस्सी इन्टरनेशन बिजनेस म्यानेजमेन्ट एण्ड बिबिए (हन्स) बिजनेस एण्डका विद्यार्थीलाई युनिभसिर्टी अफ वेष्ट इंग्ल्याण्डका कार्यकारी डिन म्याक'डोउलले दीक्षित गरेका थिए । त्यस्तै, बीएससी (हन्स) कम्प्युटिङ) लाई लिड्स बेकेट यूनिभसिर्टीका उपकूलपति तथा प्रोफेसर एन्ड्र्यु स्लेड्सले दीक्षित गरेकी थिइन्।

द एमएससी इन्टरनेशन बिजनेस म्यानेजमेन्ट तर्फबाट दीक्षित भएकी कुसुमश्री निरौलाले द ब्रिटिश कलेजले दिएको अवसर र अनुभवलाई धन्यवाद दिइन् । प्रमुख अतिथि बेलायतका हाउस अफ लर्डका प्रतिनिधि एघारौं अर्लअफ स्याण्डवीच जोन एडवर्ड हलिस्टर मोन्टागुले ब्रिटिश कलेजले भौतिक परिवर्तन भन्दा पनि दिमाग र हृदयमा हुने परिवर्तनलाई बुझ्केको बताए । उनले दीक्षित भएका विद्यार्थीहरू कमर्सियल भएर काम गर्नको लागि प्रेरणा समेत दिए । त्यस्तै, उनले कलेजले दिएको गुणस्तरीय शिक्षाको तारिफ गर्दै सीईओ कँडेल तथा कलेज परिवारलाई पनि बधाई समेत दिए ।

कार्यक्रमको अन्तमा द ब्रिटिश कलेज परिवारले दीक्षित भएका विद्यार्थीहरूलाई बधाई दिँदै सफल भविष्यको कामना गरेको थियो । कार्यक्रममा माइकल रटल्याण्ड ओबीई (भुटानका लागि ब्रिटिश अनरी काउन्सेल तथा द ब्रिटिश कलेजका सल्लाहाकार), द ब्रिटिश कलेजका सीईओ तथा संस्थापक राजन कँडेल, कलेजका अपरेशन डाइरेक्टर महेन्द्रराज कडैंल, पाउलक्लिभेस (इटोन कलेजका पूर्व भूगोल प्रमुखतथा द ब्रिटिश कलेजका सल्लाहाकार), डाक्टर चिरन थापा (मान्यता प्राप्त शिक्षाविद् तथा द ब्रिटिश कलेजका सल्लाहाकार), पूर्व शिक्षामन्त्री गंगालाल तुलाधर, एच. ही रिचार्ड मोरिस (नेपालका लागि बेलायती राजदूत), अनुबन्ध प्राप्त विश्वविद्यालयका प्रतिनिधिहरूमा लिड्स बेकेट युनिभसिर्टीका डेपुटी उपकूलपति तथा प्रोफेसर एन्ड्रीउ स्लेड्स, युनिभसिर्टी अफ वेष्ट इंग्ल्याण्डका कार्यकारीडिन रेमण्ड म्याक'डोउललगायतको उपस्थिति रहेको थियो ।

# दिगो र भरपर्दो विकासका लागि वैदेशिक लगानी

## सम्पादकीय

## चीनको चासो सम्बोधन गर

चिनियाँ विदेशमन्त्री वाङ यी तीन दिने नेपाल भ्रमण सकेर स्वदेश फर्किएका छन् । उनी गत आइतबार साँझ नेपाल आएका थिए । उनले नेपाल बसाइका क्रममा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी ओलीलगायत सत्तारूढ नेकपाका अध्यक्ष प्रचण्डदेखि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालगायतका नेताहरूसँग भेटवार्ता गरेका थिए । उनको नेपाल बसाइका क्रममा चीन र नेपालीबीच तीन बुँदे आपसी सहयोग र समझदारीपत्रमा हस्ताक्षरसमेत भएको छ ।

विदेशमन्त्री वाङको तीन दिने नेपाल भ्रमणका क्रममा दुवै पक्षले यसअघि गरेका सहमति र समझदारी कार्यान्वयन गर्ने सहमति गरेका छन् । नेपालले चीनसँग सहमति र समझदारी गर्ने तर त्यसलाई कार्यान्वयन गर्न आनाकानी गर्दै आएको परिप्रेक्ष्यमा यो सहमतिलाई निकै महत्वका साथ हेरिएको छ । यसका अलावा चीनले दुई करोड २० लाख युयान अर्थात् ३५ करोड ३३ लाख रूपैयाँ खर्च गरेर हिमालपारीको जिल्ला मनाङमा अस्पताल निर्माण गर्ने भएको छ । भूकम्प गएको चार वर्षपछि चीनले आपतकालीन आवास सहायताअन्तर्गत १५ करोड २५ लाख रूपैयाँबराबरको पाँच हजार थान त्रिपाल दिने सहमति भएको छ । यसका साथै अब चीनका भाषा प्रशिक्षकले वैधानिकरूपमा नै नेपालमा चिनियाँ भाषा पढाउन पाउने भएका छन् । यसअघि चिनियाँ प्रशिक्षकहरूले अवैधरूपमा नेपालमा भाषा पढाउँदै आएका थिए । झण्डै दुई सय चिनियाँले नेपालमा भाषा प्रशिक्षण गर्दै आएका छन् । उनीहरूले पर्यटक भिषामा नेपाल आएर भाषा पढाउँदै आएका छन् र उनीहरूलाई चिनियाँ दूतावासले संयोजन गर्दै आएको छ ।

विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणको योभन्दा पनि महत्वपूर्ण पाटो हो- चिनियाँ राष्ट्रपति सीजिन पिङको सम्भावित नेपाल भ्रभण राष्ट्रपति सीको नेपाल भ्रमणको पूर्वतयारीको क्रममा त्यसको चाँजोपाँचो मिलाउन विदेश मन्त्री वाङ यी नेपाल आएका हुन् । केही साताअघि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता नेपाल आएर राष्ट्रपति सी बस्ने सम्भावित दुई होटलको कोठाको निरीक्षणसमेत गरेर उनी भारततर्फ प्रस्थान गरेका थिए । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा नोभेम्बरमा भारत गरेर स्वदेश फर्किने क्रममा चीनका राष्ट्रपति सी नेपाल आउन लागेका हुन् । नेपालको विशाल छिमेकी राष्ट्रको राष्ट्रपति भएकै कारणले मात्र उनको भ्रमण महत्वपूर्ण रहेको छैन कि उनी विश्वका प्रमुख शक्तिशाली व्यक्तिमध्येका प्रमुख एक हुन् । त्यस कारण पनि नेपालले उनको नेपाल भ्रमणका क्रममा सुरक्षाको कुनै कमी हुन दिनु हुँदैन । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको निम्तो र चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमण त्यसका परिपूरक घटनाक्रम मात्र हुन् । वाङबाट भएको सहयोग पनि खाली हात नभेटेको मात्र हो । मूल कुरो राष्ट्रपति सीको नेपाल भ्रमणको तयारी नै हो । नेपाल सरकारले यस अघि परराष्ट्र मामिलामा गरेका गल्ती यस पटक दोहोरिन दिनु हुँदैन, त्यसतर्फ विशेष चासो दिनु पर्दछ । अन्यथा त्यसको दूरगामी असर व्यहोर्नु पर्ने हुन्छ । त्यस अर्थमा पनि चीनका विदेश मन्त्री वाङ यीको तीन दिने नेपाल भ्रमण अत्यन्त महत्वपूर्ण रहेको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण नेपालीका लागि बहुप्रतिक्षित भ्रमण हो । त्यसकारण त्यो ऐतिहासिक हुनेछ, हुनुपर्दछ । त्यो भ्रमणको नेपाली मनको माग सम्बोधन गर्नु पर्दछ ।

## आजको राशिफल



२०७६ भदौ २५ गते बुधबार

आचार्य श्री स्वामी ध्रुव

**मेष :** धन कमाउने योग ।

**वृष :** मनमा उत्साह बढ्नेछ ।

**मिथुन :** काममा नयाँ अवसर ।

**कर्कट :** अनावश्यक खर्च ।

**सिंह :** कार्यहरूमा धैर्य ।

**कन्या :** नेत्रमा सामान्य विकार ।

**तुला :** अनावश्यक जिम्मेवारी ।

**वृश्चिक :** मधुर सम्बन्ध ।

**धनु :** अशान्ति हुन्छ ।

**मकर :** अनावश्यक विवाद ।

**कुम्भ :** आर्थिक कार्यमा प्रगति ।

**मीन :** वाणीमा मधुरता ।

*वैज्ञानिक ज्योतिष सल्लाहको लागि सम्पर्क गर्नुहोला । ९८४१५१२५५२*



अच्युतप्रसाद पौडेल 'चिन्तन'

> राष्ट्रियस्तरका समस्याहरू हाम्रासामु जस्ताका तस्तै छन् । सुशासनको नारा नाम मात्रको देखावटी बन्न पुगेको छ । यथार्थमा सामाजिक विभेदको सम्बोधन हुन सकेको छैन । व्यवस्थित सहरीकरण हुन नसक्दा सर्वसाधारण थप त्रासमा रहन पुगेका छन् । प्रदुषाण व्यवस्थापन हुन सकेको छैन । श्रमको उचित स्थानान्तरण पनि भएन । राजनीतिलाई मात्र उद्योगको रूपमा हेर्ने बानी बस्यो ।

मुलुकमा दिगो र भरपर्दो विकासका लागि सरकारले प्रत्यक्ष विदेशी लगानीको सोच राखेको देखिन्छ तर सबैजसो सरकारी सोच 'हात्ती आयो हात्ती आयो फुस्सा' भइरहेको छ । विकासका लागि मुलुकमा विदेशी लगानी आवश्यक छ । आज मात्र होइन यो अवधारणा पुरानै हो । सन १९५१ देखि नै नेपालमा भारतीय लगानी सुरू भएकोमा खुला बजारको अवधारणाका कारण विसं २०३८ सम्म आइपुग्दा त वैदेशिक लगानीले यसअघिदेखि नै हाम्रो मुलुकमा राम्रै उपस्थिति देखाइसकेको हो । गत ०७५ चैत्र १५/१६ मा काठमाडौंमा सम्पन्न तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा सरकारले ३१ खर्बका ७७ वटा परियोजना प्रस्तुत गरेको थियो । एक आयोजनाको लागतमा ६४ करोडदेखि साढे तीन खर्बसम्मको लागतमा प्रस्तुत भएका योजनामध्ये जम्मा १७ परियोजनामा आवेदन परेको र १५ परयोजनामा मात्र लगानी सम्झौता भएको देखियो । सम्झौता भएमध्ये कतिपय पुराना योजनाको निरन्तरता छन् । लगानी भित्र्याउनका लागि सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन एवम् विशेष आर्थिक क्षेत्रसम्बन्धी नयाँ ऐन पनि पारित गर्‍यो । सो लगानी सम्मेलनमा ऊर्जा क्षेत्र पहिलो प्राथमिकतामा परेको देखियो भने अन्य क्षेत्रमा कृषि, जलविद्युत्, उद्योग, पर्यटन, यातायात र सहरी विकास, शिक्षा, स्वास्थ्य, सञ्चार र प्रविधि, व्यवसायमा महिला उद्यमशीलताजस्ता विषयमा छलफल भए । सरकारले शोकेसमा राखेका ७७ योजनामध्ये ५० सरकारी र निजी क्षेत्रका २७ थिए । झण्डै चार दर्जन देशका उच्चस्तरीय प्रतिनिधिहरु सम्मिलित छ सयभन्दा बढी लगानीकर्ताहरूको उपस्थितिमा सम्पन्न सम्मेलनमा छ सयकै हाराहारीमा गैरआवासीय नेपाली एवम् स्वदेशी लगानीकर्ताहरूको सहभागिता देखियो । यस पटकको लगानी सम्मेलनले विश्व बजारमा राम्रो सूचनाको सम्प्रेषण भएको र एक तिहाइसम्म अन्तर्राष्ट्रिय लगानी भए पनि सफलता मान्नु पर्ने सरकारको दाबी थियो ।

विदेशी लगानीका लागि सरकारले तामझाम गरेकै बेला विदेशी लगानी झन् घट्न पुग्यो । आव ०७५/०७६ मा जम्मा १३ अर्ब सात करोड रूपैयाँबराबरको मात्र विदेशी लगानी भित्रिँदा अघिल्लो आवको भन्दा २५ प्रतिशतले कम भन्नुपर्ने भयो । आव ०७४/०७५ मा यस्तो लगानी ३० प्रतिशतले बढी थियो । धेरै नीतिगत र व्यावहारिक सुधार गरिएको भनिए पनि लगानीकर्ताहरूले भरोसा गर्न सकेनन् । विगत आवमा १७ अर्ब ५५ करोड रूपैयाँबराबरको विदेशी लगानी भित्रिएको देखिन्छ । यस पटक एकद्वार प्रणालीको कार्यालय खुलेको देखिए पनि पूर्वाधारको कमी देखियो । विगतमा तीन वर्षीय योजनाभरि नै बैंकिङ प्रणालीमा तरलता देखियो जसले उच्च ब्याजदरको सिर्जना गर्‍यो । विदेशी लगानीमा यसले पनि असर पार्‍यो भने प्रशासनयन्त्र त विगतदेखि नै कमजोर हो । प्रशासनयन्त्रप्रति आम जनधारणा सकारात्मक हुन सकेन । उता विदेशी लगानी प्रोत्साहन गर्न ल्याइएको हेजिंग सुविधा कागजमै सीमित बन्न गयो । नेपाली लगानीकर्ताको मनोभावना संकुचित देखियो । विदेशी लगानी धेरै आए आफ्नो भाग हरिएला भन्ने मनस्थिति रह्यो । यसैले त विगत तीन वर्षको तथ्यांक हेर्दा विदेशी लगानीको अंक केवल ३७ अर्ब रूपैयाँ मात्र देखियो । राजनैतिक अस्थिरता कम भएपछि देश ह्वात्तै समृद्धिमा जान्छ, विदेशी लगानी ह्वात्तै बढ्छ, बेरोजगारीलगायत सबै समस्या एकैपटक हल हुन्छ भन्ने सपना साकार भएन । तीन वर्षमध्ये धेरै विदेशी लगानी आएको भनेको अघिल्लो वर्ष १७ अर्ब ५१ करोड रूपैयाँको हो र सोभन्दा अघिल्ला दुई वर्षमा क्रमशः १३ अर्ब ५० करोड र पाँच अर्ब ९२ करोड रूपैयाँ मात्र हो । देशमा जलविद्युत्, पर्यटन, प्राविधिक शिक्षा, स्वास्थ्य क्षेत्रमा विदेशी लगानीको प्रचुर सम्भावना हुँदाहुँदै पनि आशातीत सफलता हासिल भएको छैन । देशमा संरचनाहरु व्यापकरूपमा परिवर्तन भए तर केन्द्र, प्रदेश वा भनौं स्थानीय तहको सोच भने पुरानै रहन जानाले देशले परिवर्तनको संकेत पाउनै सकेन ।

त्यसो त संयुक्त राष्ट्रसंघको व्यापार तथा विकास सम्मेलनको विश्व लगानी प्रतिवेदन २०१८ अनुसार विश्वको लगानी क्षेत्रमा नेपाल एक सय ४५औँ स्थानमा पर्न आउँछ । पहिलो स्थान अमेरिका दुई सय ७५ अर्ब अमेरिकी डलर, दोस्रो स्थान चीन दुई सय ४० अर्ब डलर, तेस्रो र चौथो स्थान ब्राजिल र सिंगापुर ६२ अर्ब डलर, भारत १०औँ स्थान ३९ अर्ब डलर, श्रीलंका ८१औँ स्थान एक दशमलव ३७ अर्ब डलर, माल्दिभ्स एक सय १८औँ स्थान ५१ करोड डलर, रूवाण्डा एक सय २६औँ स्थान ३६ करोड डलर, नेपाल एक सय ४५औँ स्थान १९ करोड डलर विदेशी लगानीमा परेको देखिन्छ । हालसम्म नेपालमा एक खर्ब ६९ अर्ब २३ करोड रकम यहाँ विदेशी लगानी भइसकेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ राष्ट्र बैंक भन्छ नेपालमा लगानी भएको मध्ये ६६ प्रतिशत सञ्चित पुँजीका, ३० दशमलव दुई प्रतिशत चुक्ता पुँजीका र तीन दशमलव सात प्रतिशत ऋणका छन् । यहाँ भित्रिएका लगानीमध्ये ७० प्रतिशत सेवा क्षेत्रका र ३० प्रतिशत मात्र उत्पादन क्षेत्रका रहेका छन् ।

सन् १९८० को दशकमा आर्थिक उदारीकरणको लहर विश्वव्यापी देखा पर्‍यो । विकासमा देखा परेको उर्लँदो लहरसँग निजी क्षेत्रसँगको हातेमालोले तीव्रता पायो । सन् १९९० मा नेपालको राजनैतिक परिवर्तनपछि निजी क्षेत्रले व्यापकता पाएको, आठौँ आवधिक योजना अबधिदेखि सामाजिक, आर्थिक क्षेत्रमा थप वातावरण सिर्जना हुँदा मुलुकमा विकासको लहर देखा परेको हो । उदारीकरणको नीति अबलम्बन गर्दा सुरूमा मुलुकमा सकारात्मक प्रगति देखिएको पनि हो । सरकारी स्वामित्वका बैंक, सार्वजनिक संस्थाहरूको निजीकरण अभियानले तीव्रता पाउँदा सुरूमा प्रगतिका संकेतहरु देखिए पनि पछिल्ला दिनहरूमा यसले आशातीत सफलता हासिल गर्न सकेन । मुलुकमा पूर्वाधारको कमी, ऊर्जा संकट, राजनैतिक अस्थिरता, लगानीमैत्री वातावरणको अभाव, औद्योगिक असुरक्षा, उद्यमी एवम् कामदारबीचको असहज सम्बन्धका कारण मुलुकमा निजीकरणको अभियानले सार्थकता पाउन सकेन ।

मुलुकमा धेरै चुनौतीहरु विद्यमान छन् । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमले मुलुकको शोधनान्तर स्थिति धानिए पनि वैदेशिक रोजगारी सुरक्षित भने छैन । स्वदेशी युवा बेरोजगारहरूलाई मुलुकभित्रै स्थानान्तरण र रोजगारीका अवसर प्रदान गरी आर्थिक विकासको महायज्ञमा सरिक गराउनु पर्ने देखिएको छ । विगतमा साधन र स्रोतको समानुपातिक वितरण नभएका कारण मुलुकमा गरिबी व्याप्त रहेको पुष्टि भैसकेकाले आगामी दिनमा यसतर्फ बढी चनाखो हुनुपर्ने देखिन्छ । साधन र स्रोतको समतामूलक र न्यायोचित वितरणमा जोड दिनुपर्ने देखिन्छ । धनी र गरिबबीच हुने खाडलको दूरीले थप द्वन्द्वलाई ननिम्त्याउला भन्न सकिने स्थिति छैन । लामो द्वन्द्वपछि शान्तिपूर्ण सहभागितामा सबैजसो राजनैतिक दलहरु समावेश भएका बखतमा पनि दिगोरूपमा यसको व्यवस्थापन गर्न सकिएन भने फेरि पछुताउनु पर्ने स्थिति हुन सक्छ । ठूलाठालु, राजा, रजौटाहरु पुरानो सत्ताबाट हटिसके पनि भूमिको असमान वितरण कायमै छ । प्रदुषणको खतरा बढी नै रहेको छ । पेट्रोलियम पदार्थको नियमित र भरपर्दो आपूर्ति हुन सकेको छैन । विद्युत् लोडसेडिङको मारले आम उपभोक्ताहरु आक्रान्त छन् । आम उपभोक्ताहरूका साथै उद्यमी, व्यवसायी र ठूला लगानीकर्ताहरु पनि थप जोखिममा छन् । मुलुकमा अहिले पनि सिमित वित्तीय समावेशी अवधारणा विद्यमान रहेको, सहरी क्षेत्रको घरजग्गाको मूल्याङ्कन तीव्र भएको, अनुत्पादक क्षेत्रमा लगानी बढेको, शैक्षिक गुणस्तरमा कमी देखिएको, विद्यालय, महाविद्यालयबाट उत्पादित जनशक्तिले रोजगारी प्राप्त गर्न नसकेको, सम्पत्ति हडप्ने मात्र अवस्था विद्यमान भइरहेको अवस्था छ । यी यस्ता समस्याहरु हुन् जसले सदैव हाम्रो आर्थिक दिगो विकासमा चुनौती थपिरहेका छन् ।

मुलुकमा लामो समयदेखि राजनैतिक अस्थिरताको कारण विकासमा गतिरोध देखियो । देशमा श्रमसम्बन्ध अत्यन्त कमजोर रह्यो । सरकारले औद्योगिक पूर्वाधार तय गर्न सकेन । ऊर्जाको व्यापक संकट भएकाले नै लगानीमैत्री वातावरण तय हुन सकेन । कानुनी जटिलताहरु पनि विद्यमान रहे । केही विदेशी लगानी आएको देखिए पनि त्यसको प्रतिफल मुलुकले तत्काल पाउन सकेन । माथि नै भनियो अझै यो उत्साहजनक ढंगले आकर्षित हुनसकेको छैन । तीव्ररूपमा आर्थिक विकासमा अघि बढेको चीन र भारतको बीचमा रहेको हाम्रो मुलुकमा लगानी उत्साहजनक हुने अवस्था हुँदाहुँदै पनि आशातीत आकर्षण भएको पाइएन । गएका दिनमा लगानी सुरक्षित हुने केही द्विपक्षीय, बहुपक्षीय प्रतिबद्धता, सम्झौताहरु भएका थिए तर भूकम्पले सबैलाई एकपटक नराम्ररी तर्सायो । मुलुकमा राष्ट्रिय सहमतिको वातावरण तय हुनेगरी संविधान आएको हो तर त्यसपछिका आम नेपालीका दिनहरु मर्माहत ढंगले गुज्रिरहे । वर्षौंअघि विश्वव्यापार संगठनको सदस्यता लिइसके पनि नेपालले अन्य मुलुकले निर्यात गर्नसक्ने गुणस्तरीय सामानको उत्पादन वृद्धि गर्न सकेको छैन । त्यसैले त व्यापारघाटा उच्च छ अहिले । लगानीमैत्री वातावरणको सृजना गरी स्वदेशी एवम् विदेशी पुँजी, प्रविधि, शीप हस्तान्तरण हुनसक्ने वातावरण पनि तय भइसकेको छैन । मुलुकभित्रको सीमित गार्हस्थ बचतलाई पनि अन्य क्षेत्रमा लगानी गराउन सकिएको छैन । स्थानीय स्रोत, सीप, साधनको पहिचान र क्षेत्रीय सन्तुलनको वातावरण पनि तय भएको छैन । प्रदेशहरूको राजधानीसम्म तोक्न सकिएको छैन । आधुनिक प्रविधि, व्यवस्थापकीय कौशलता, प्राविधिक सीप र भौतिक पूर्वाधारको यथेष्ट प्रयोग भइनसक्दा मुलुकको विकासको गति निकै सुस्त छ ।

प्रतिव्यक्ति आय वृद्धि हुनु मात्र आर्थिक विकासचाहिँ होइन । प्रतिव्यक्ति आय वृद्धिको साथमा मुलुकको समग्र संस्थागत संरचनादेखि सामाजिक न्यायसंगतको समाज निर्माण पनि आवश्यकताको कुरा हो । मान्छेको मनोभावना परिवर्तन नभएसम्म केवल आर्थिक समृद्धिले केही हुन्न । मान्छेको जीवनस्तर, विकासका सबै आयामहरूको रूपान्तरण, जीवनशैलीमा परिवर्तन, स्रोत साधनहरूको समुचित वितरण, यिनको समानुपातिक प्रयोग, उत्पादन र वितरणमा न्यायोचित एवम् उपयोगको सिद्धान्त, गरिबी न्यूनीकरणदेखि सन्तुलित र क्षेत्रगत विकाससमेत हुनु जरूरी छ । सरकार भन्नु विकासको संवाहक हो र प्रमुख संयन्त्र पनि । सरकारी, गैरसरकारी भनौं समग्र निजी क्षेत्रको समेत सहकार्यमा सरकारले अगुवाको रूपमा कार्य गर्नुपर्छ । विकासमा मुख्य लगानीकर्ता हुने, साक्षी स्वरूप भइरहने, सबै संयन्त्रको परिचालनको जिम्मा पनि सरकारकै हुन्छ । शान्तिसुरक्षा, अमनचयन, निष्पक्ष न्याय प्रणालीको अनुभूति, दीर्घकालीन विकासको अवधारणा, सोअनुरूप नीतिनियम निर्देशिका, नियमनको सबै जिम्मा उसैको हुन्छ । निजी क्षेत्रको विकास, संस्थागत र कानुनी व्यवस्था, भौतिक, सामाजिक पूर्वाधारको विकासको अगुवा पनि उही हो । लगानीमैत्री वातावरण, निजी क्षेत्रेसँगको सहकार्य, सहजीकरणको जिम्मा सरकारकै हो । वैदेशिक रोजगारमा जानेहरूलाई समुचित वातावरणको प्रबन्ध स्वदेशकै रोजगारीका सम्भावना र अवसरको उपलब्धता, वैदेशिक रोजगारीबाट प्राप्त रकमको लगानीमय वातावरण, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन, विकासको प्रतिफल सर्वसाधारणसम्मको पहुँच, यसमा नीतिगत र कानुनी कार्यगत पहलको जिम्मा सरकारकै हुन्छ । निजी क्षेत्र, सहकारी एवम् गैससहरूबाट सञ्चालित कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कनको जिम्मापनि सरकारकै हुन्छ । सुशासनको अभिवृद्धि, पारदर्शीता, सबैको जिम्मेवारी र उत्तरदायित्व, योजनाको प्राथमिकीकरण, जनसहभागिता परिचालन, अनुगमन एवम् मूल्याङ्कनको समग्र पाटो सरकारकै क्षेत्रअन्तर्गत पर्छ । विद्युत्, सूचना एवम् सञ्चार, ग्रामीण ऊर्जा, सडक एवम् अन्य भौतिक पूर्वाधार विकासमा निजी र सहकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने कार्य सरकारकै हुन्छ ।

मूलतः लगानीमैत्री वातावरण तय, गुणस्तरीय उत्पादन एवम् सेवा वितरणमा सरकारी सक्रियता प्रभावकारी प्रोत्साहन कार्य, उच्च आर्थिक वृद्धिदर हासिल गर्न कुनै कसर बाँकी नराखी विकासको प्रतिफल आम सर्वसाधारणको पहुँचसम्म पुर्‍याउनु सरकारको काम हो । लगानी बाँडफाँड, राष्ट्रिय महत्वका ठूला परियोजना हरूको तय, यस्ता आयोजनामा लगानी वृद्धि, समावेशी र फराकिलो आधार भएको र दिगो विकासमा सहयोगी भूमिका निर्वाह गर्ने अवस्थाको पहिचान, सेवा प्रवाहमा प्रभावकारिता, सामाजिक सुरक्षाको प्रत्याभूति, आर्थिक प्रगतिमा निजी र सहकारी क्षेत्रका लगानी उत्प्रेरित गर्ने कार्यक्रम कार्यान्वयन, रोजगारी सिर्जना, प्रविधि छनोट, समन्यायिक आर्थिक विकास, खाद्य सुरक्षा, बजारीकरणको सुविधा, औद्योगिक परिवेशअनुसार प्रविधिको विस्तार, प्रसार र त्यसको पहुँच, ग्रामीण विद्युतीकरण, सम्भाव्य स्रोतको अधिकतम परिचालन, गरिब र सीमान्त समूहको आय वृद्धि, सशक्तीकरणजस्ता रणनीतिलाई अङ्गीकार गर्दै गरिबी न्यूनीकरणमा ठोस योगदान पुर्‍याउन सरकार सदैव प्रयत्नशील हुनुपर्छ । स्थानीयस्तरमा जनसमुदायले पहिचान र सञ्चालन गरेका आर्थिक क्रियाकलापको अभिवृद्धि आयोजनाहरूका वित्तीय जोखिम न्यूनीकरण, स्थानीय स्रोत र साधन समुचित परिचालनमा जोड दिन पनि सरकार तल्लीन हुनुपर्छ । आजको समय भनेको राज्यले सहजकारी भूमिका निर्वाह गर्ने हो । बजारको प्रबर्द्धन, मापदण्ड, सामाजिक न्याय, वैदेशिक सम्बन्ध विस्तारबाट आर्थिक सम्बन्धको सुदृढता पनि उसको दायित्वभित्र पर्छ । बजार सञ्जाल, सुविधा, आर्थिक स्रोतको परिचालन, उत्पादकीय क्षमता वृद्धिजस्ता कार्यमा सरकारले लिने विदेशी लगानी नीतिले प्रत्यक्ष असर पारेको हुन्छ ।

राष्ट्रियस्तरका समस्याहरु हाम्रासामु जस्ताका तस्तै छन् । सुशासनको नारा नाम मात्रको देखावटी बन्न पुगेको छ । यथार्थमा सामाजिक विभेदको सम्बोधन हुन सकेको छैन । व्यवस्थित सहरीकरण हुन नसक्दा सर्वसाधारण थप त्रासमा रहन पुगेका छन् । प्रदुषण व्यवस्थापन हुन सकेको छैन । श्रमको उचित स्थानान्तरण पनि भएन । राजनीतिलाई मात्र उद्योगको रूपमा हेर्ने बानी बस्यो । विप्रेषणबाट प्राप्त रकम उत्पादनशील कार्यमा प्रयोग भएन । विकास निर्माण भनौं सबै पूर्वाधारहरु र मानव स्वास्थ्यसँग सम्बन्धित विषय र परिवेश गुणस्तरीय हुन सकेन । जलवायु परिवर्तनसँगको अनुकूलनका क्षेत्रहरूको पहिचान हुन सकेन । राज्यले यस्ता विषयमा छिटो गम्भीर हुन पर्‍यो ।

झट्ट हेर्दा विषयहरु साधारणजस्तो लाग्छ तर यी विषयहरु कम चुनौतिपूर्ण भने छैनन् । उच्च, फराकिलो र दिगो आर्थिक विकास, राजनैतिक स्थिरता र विकासमुखी संस्कार, प्रभावकारी सुशासनको प्रत्याभूति, सहयोगी र सकारात्मक समाजको निर्माण र प्राप्त उपलब्धिको न्यायोचित वितरण, भौगोलिक क्षेत्रहरूको समन्यायिक विकास, लोकतन्त्रको जग आधारको संस्थागत विकास, व्यापक रोजगारीको सिर्जना, दक्ष, सिपयुक्त जनशक्तिको उत्पादन, योजनाबद्ध मानव संशाधनको विकास, उत्पादन क्षेत्रमा लगानी विस्तार, पुँजी निर्माण एवम् यसको सही परिचालन, खानेपानी तथा सरफाइमा व्यापक सुधार, विद्युत् संकटको स्थायी समाधान, विपत्तिको पूर्वतयारी एवम् सचेतना, पर्याप्त र सहज आपूर्ति व्यवस्थापन, शिक्षाको गुणस्तरमा सुधार, नैतिक र आचरणयुक्त जनशक्तिको तयारी, राष्ट्रप्रेमले ओतप्रोत भएको भावनाको विकासजस्ता विषयहरूमा राज्य केन्द्रीकृत हुन सके हामी स्वभिमानी नेपालीहरु विश्वका कुनै कुनाका मानिस वा राष्ट्रबाट पछाडि पर्नु पर्ने छैन । सधैँ अरूसँग माग्ने, अल्पविकसितकै सूचीमा रहेर आत्मग्लानी गरिरहनु पनि पर्ने छैन ।

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनसँगको आबद्धता, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय व्यापार संगठन, बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बंगालको खाडीको पहल, कोलम्बो प्लानजस्ता अन्तर्राष्ट्रिय, क्षेत्रीय संस्थाहरूको सदस्यसमेत रहेको छ । यस अर्थमा मुलुकको द्विपक्षीय, बहुपक्षीय, उपक्षेत्रीय, क्षेत्रीय संगठनहरूबाट बढी फाइदा लिई आर्थिक विकासको ढोका खोल्न सक्ने सम्भावना थुप्रै थिए र छन् । गैरआवासीय नेपालीहरूको पहल पनि थप मदतगार सिद्ध हुन्छ । त्यस्तै आर्थिक तथा मानवीय गरिबी हटाउन र आम जनताको जीवनस्तर उठाउने गरी विकासको अवधारणालाई फराकिलो पार्न मुलुकमा गैरसरकारी संस्थाहरु प्रशस्तै छन् । जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउन मदत गर्ने गैससहरूलाई सामाजिक सुधारतर्फ उन्मुख गराउन सकिएन । सीप अभिवृद्धि, व्यावहारिक कार्यकुशलता, नैतिक आचरणयुक्त सामाजिक सञ्जालको निर्माण, महिला सशक्तीकरण, असहाय, दीनदुखी, अपाङ्ग, दलित जातिको उत्थान, यिनलाई विकासको मुल प्रवाहमा ल्याई असहायहरूको सुरक्षा र सामाजिक हितअनुकूलका कार्यहरूबाट यस्ता क्षेत्रका भूमिका अहम् बनाउने कार्य केबल नारामा मात्र सीमित बन्न दिनु हुँदैन ।

हामी आम उपभोक्ताका चाहानाहरु परिवर्तन भइरहेका छन्, उत्पादनका स्वरूपहरु पनि दिनदिनै परिवर्तन भइरहेका छन् । समग्रमा सामाजिक र आर्थिक जीवनमा धेरै परिवर्तहरु आइरहेका छन् । विज्ञान र प्रविधिले युगअनुसार बेस्सरी आफ्नो अस्तित्व जमाइरहेको छ, मानिसको गति बरू धीमा भइसकेको छ । तर पविर्तनलाई हामीले सहजै आत्मसात गर्न सकिरहेका छैनौँ । हाम्रा प्राथमिकताहरूलाई हामीले छनोट गर्न सकिरहेका छैनौँ । विस्तृत अध्ययन र अनुसन्धान गर्ने सिप र धैर्य छैन । सतही र कोरा ज्ञानले सार्थकता पाउन सकेको छैन । नीतिनिर्माताहरूमा नै खोज र अध्ययनको चासो नभएको प्रतीत हुँदैछ । यदि हुँदो हो भने लामो समयसम्म मुलुक अनिर्णयको बन्दी हुने थिएन र निर्णयले पनि सार्थकता पाउने थियो । संविधान निर्माणपछि तराई मधेश आन्दोलन झन् चर्किन पुग्यो । दक्षिणतिरको नाकामा असहज स्थिति देखा पर्दा आम नेपालीको मन मस्तिष्कमा ज्यादै ठूलो पीडाबोध भयो । यस्ता समस्याका पुनरावृत्ति भई अन्य क्षेत्रमा पनि नदोहोरिएलान् भन्न सकिन्न । सबैले दूरदर्शी भएर सोच्न जरूरी छ ।



मलेसियाको राजधानी क्वालालम्पुरको आकाशमा मंगलबार देखिएको धुँवालो । मलेसिया र इन्डोनेसियाको जंगलमा लागेको डढेलो अनियन्त्रित भएपछि सयौँ स्कुलहरू बन्द गरिएका थिए । विषालु ग्यास रहेको कारण अधिकारीहरूले विद्यालय बन्द गरेको बताएका छन् । तस्बिर : एएफपी

# मन्दीमा फस्यो भारतीय अटो बजार

## अर्थमन्त्री भन्छिन्, ‘ओला र उबेर यसका जिम्मेवार’

■ एजेन्सी
नयाँ दिल्ली, भदौ २४



भारतीय अटोबजार मन्दीमा फसेको छ । केही कम्पनीले त पछिल्लो समय निश्चित अवधिका लागि उत्पादन नै रोकेका छन् । जसले गर्दा यस क्षेत्रका धेरै कर्मचारीको जागिर धरापमा परेको छ । यसैबीच, अर्थमन्त्री निर्मला सीतारमणले भने अटो क्षेत्रमा आएको समस्याको उपज मानिसहरूको सोचाइ रहेको बताएकी छिन् ।

भारतीय सञ्चारमाध्यमका अनुसार अर्थमन्त्री निर्मलाले बीएस६ मोडललाई समेत जिम्मेवार ठह¥याएकी छिन् । उनले धेरै कारण रहे पनि बीएस ६ मुभमेन्ट, रेजिष्ट्रेसन शुल्कसँग सम्बन्धित कुराहरू र मानिसहरूको सोचाइ मुख्य रहेको बताइन् ।

**ईएमआईभन्दा ओला र उबेरको लोकप्रियता**

अर्थमन्त्री निर्मलाका अनुसार पछिल्लो समय गाडी किनेर इक्वेटेट मन्थ्ली इन्स्टलमेन्ट (ईएमआई अर्थात् महिनाबारी किस्ताको साटो उपभोक्ताले पछिल्लो समय लोकप्रियता कमाइरहेका ओला र उबेर ट्याक्सी सेवा रूचाउन थाल्नु मुख्य कारण हो । उनले पनि अटो क्षेत्रमा देखिएको





समस्या गम्भीर रहेको स्वीकार्दै त्यसको समाधान गर्न आवश्यक रहेको बताइन् । अर्थमन्त्री निर्मलाले मोदी सरकारको एक सय दिन पुगेको अवसरमा उक्त कुरा बताएको नवभारत टाइम्सले जनाएको छ । त्यस्तै अर्थमन्त्री निर्मलाले सबै क्षेत्रको समस्यामा सरकार गम्भीर रहेको समेत बताएकी थिइन् । यसको समाधानका लागि आवश्यक कदम चाल्ने उनको भनाइ छ । समस्या समाधानको लागि गत अगष्ट र सेप्टेम्बरमा महत्वपूर्ण घोषणा गरेको बताउँदै उनले आवश्यकताअनुसार कदम चाल्ने उल्लेख गरिन् ।

**सरकारी नीति पनि दोषी : मारुती प्रमुख**

यसैबीच, मारूती सुजुकीका प्रमुख आरसी भार्गवले भने ओला र उबेरको कारण मात्रै अटो क्षेत्रमा मन्दी नआएको बताएका छन् । यसमा सरकारले अवलम्बन गरेको नीति पनि उत्तिकै दोषी रहेको आरोप लगाएका छन् । पेट्रोल र डिजेलमा बढ्दो कर, सडक दस्तुरमा वृद्धि जस्ता कारण उपभोक्ताले कार किन्न हिच्किचाएको उनको भनाइ छ । भारतीय अटो क्षेत्रले जीएसटी कर कटौतीको माग गरिरहेको छ । यद्यपि त्यसले यसमा केही सहयोग नपुग्ने भारतीय मिडियाहरूले बताएका छन् ।

मारूती प्रमुखका अनुसार कारमा एयरब्याग र एबीएस जस्ता सुरक्षासँग सम्बन्धित फिचर जडान गर्दा कारको मूल्य बढेको र उपभोक्ताले कार किन्न मन नगरेका हुन् । भार्गवले ओला र उबेरजस्ता ट्याक्सी सेवाले भन्दा पनि सरकारले सुरक्षा फिचर जडानमा तदारूकता देखाएको, ग्यास उत्सर्जनमा कडाइ गरेको, बीमा रकम वृद्धि गरेको, अतिरिक्त सडक दस्तुर लगाएको जस्ता सरकारी नीतिले अटो क्षेत्रमा सुस्तता आएको बताए ।

भारतमा लगातार १० महिनासम्म कार बिक्रीमा कमी आएको छ । अधिकांश कार उत्पादनकर्ताले ल्याएका धेरै मूल्य पर्ने कारको बिक्री पनि ह्वात्तै घटिरहेको छ ।

# विमान उत्पादन गर्न इजरायली र चिनियाँ फर्मबीच सहकार्य



■ एजेन्सी
गुइयाङ (चीन), भदौ २४

दुई इजरायली कम्पनीले दुईवटा चिनियाँ कम्पनीसँग विकास र अनुसन्धान तथा हवाइजहाज उत्पादनका लागि सहकार्य गर्ने भएका छन् । दुई देशका कम्पनीहरूले दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तमा विमान निर्माण तथा अनुसन्धान र विकासका लागि सहकार्य गर्ने सहमति गरेको सिन्ह्वाले जनाएको छ ।

सोमबार गुइझोउको राजधानी गुइयाङमा गुइझोउ इजरायल इन्डष्ट्रियल कोअपरेसन कन्फरेन्सका क्रममा उक्त सहमति भएको हो । सहमतिअनुसार इजरायली साइन्स बेक कम्पनीले २८ लाख अमेरिकी डलर लगानी गर्नेछ । उक्त लगानीमा एउटा अनुसन्धान संस्था स्थापना हुने र त्यसको विकास गर्दै उच्चस्तरीय अनुसन्धान र विकास तथा स्वस्थ आहारबारे अनुसन्धान हुनेछ ।

त्यस्तै इजरायलकै एक्सटीआई एयरक्राफ्ट कम्पनी र गुइयाङ डिजिटल फाइनान्सियल इन्भेष्टमेन्ट मार्केट कम्पनीले संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर)मा आधारित कम्पनीमार्फत सहजै अवतरण र उडान गर्नसक्ने हवाइजहाजको उत्पादन गर्नेछन् । त्यस्तै गुइझोउमा एसिया प्रशान्त क्षेत्रको लागि बजार, तालिम र मर्मत केन्द्र समेत स्थापना हुनेछ । पहिलो विमान उत्पादन सन् २०२१ मा हुने अनुमान गरिएको छ ।

यसअघि पनि उक्त प्रान्त र इजरायलबीच कृषि, उच्चस्तरीय प्रविधि तथा आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा सहकार्य हुँदै आएको छ ।

# गुगलविरुद्ध अमेरिकामा ४८ राज्यले थाले अनुसन्धान

■ एजेन्सी
सन फ्रान्सिस्को, भदौ २४




अमेरिकी खोजीकर्ता इन्टरनेट कम्पनी गुगल एलएलसीविरूद्ध ५० भन्दा बढी महान्यायाधिवक्ताले अनुसन्धान गरिरहेको खुलासा भएको छ । टेक्सासका महान्यायाधिवक्ता केन प्याक्स्टोनको कार्यालयले सोमबार गुगलविरूद्ध ५० बढी महान्यायाधिवक्ताको कार्यालयले अनुसन्धान गरिरहेको खुलाएको हो ।

गुगलविरूद्ध खासगरी कम्पनीको प्रतिस्पर्धाविरोधी अभ्यासबारे अनुसन्धान भइरहेको छ । अनुसन्धानको मुख्य ध्यान गुगलको विज्ञापन र खोजी व्यवसायसँग सम्बन्धित रहेको छ । प्याक्स्टोनले गुगलले इन्टरनेटमा विज्ञापन र खोजीमा अनधिकृत रूपमा आधिपत्य जमाएकोले अनुसन्धान सुरू भएको ट्विटरमार्फत जानकारी दिए ।

'यो अनुसन्धान केवल मुद्दा दर्ताको लागि नभई तथ्यसँग सम्बन्धित रहेको छ', प्याक्स्टोनले पत्रकार सम्मेलनमा भने, 'यसले धेरै विषयवस्तुमा अनुसन्धान गर्नेछ ।' तथ्यले नै तथ्यहरूको खोजी गर्ने उनले बताए ।

अमेरिकी चर्चित पत्रिका द वासिङटन पोष्टले गुगलले इन्टरनेट विज्ञापनबाट मात्रै ४८ अर्ब अमेरिकी डलर आम्दानी अमेरिकी बजारबाट गरिरहेको रिपोर्ट सार्वजनिक गरेको थियो । अमेरिकी खोजी विज्ञापनमा गुगलले ७५ प्रतिशत हिस्सामा कब्जा जमाएको उक्त रिपोर्टमा रहेको सिन्ह्वाले जनाएको छ ।

४८ वटा अमेरिकी राज्यका महान्यायाधिवक्ताहरूले अनुसन्धान सुरू गरेका हुन् । तिनमा कोलुम्बिया, पियोर्टो रिकोबाहेक सबै राज्यका महान्यायाधिवक्ताले अनुसन्धान थालेका छन् । पछिल्लो समय प्रतिस्पर्धाको सिद्धान्तविपरीत गुगलले इन्टरनेट बजार कब्जा गरेको आरोप लाग्दै आएको छ । सोही कारण गुगल ठूलो कम्पनी बनेको र अन्य कम्पनीहरू माथि उठ्न नसकेको पनि आरोप लाग्ने गरेको छ । प्रतिस्पर्धासँग सम्बन्धित मुद्दामा युरोपेली संघले यसअघि नै ९ अर्ब अमेरिकी डलर जरिवाना गुगललाई गराइसकेको छ ।

# ब्रेक्जिट चुनौतीले समस्यामा बेलायती अर्थतन्त्र

■ एजेन्सी
लण्डन, भदौ २४

बेलायतको बेरोजगारी दर ४५ वर्षयताकै न्यून अवस्थामा पुगेको सरकारी तथ्यांकले देखाएको छ । युरोपेली संघ (ईयू)बाट बेलायतको बहिर्गमन प्रक्रिया अनिश्चित बनेपछि बेलायती अर्थतन्त्र अझ गहिरो संकटतर्फ घचेटिने अवस्था आएको तथ्यांकले देखाएको हो ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले ईयूसँग नयाँ सम्झौता गरेर वा सम्झौताहीन अवस्थामा भए पनि अक्टोबर ३१ मा ईयूबाट बेलायतको बहिर्गमन भएरै छाड्ने धारणापछि आएको आर्थिक अध्ययन प्रतिवेदनमा बेलायतको बेरोजगारी दर सन् १९७४ पछिकै कमजोर अवस्थामा पुगेको देखिएको हो । बेलायतको बेरोजगारी दर गत जुन महिनामा ३.९ रहेकोमा जुलाईमा आइपुग्दा ३.८ भएको छ ।

बेलायतको वार्षिक ज्यालादर भने सन् २००८ पछि पहिलोपटक बढेर चार प्रतिशत पुगेको छ । सतहमा हेर्दा तथ्यांक सकारात्मक देखिन्छ तर बेलायतको निम्न बेरोजगारी दरले यहाँको उत्पादकत्वलाई प्रोत्साहन गरेको पाइन्छ । धेरै कामदारहरु आंशिकरुपमा जागिर खान्छन् अथवा अनिश्चित करारमा काम गर्ने हुँदा यसले कामका लागि तोकिएको समयको प्रत्याभूत गर्न नसक्ने विश्लेषकहरु बताउँछन् ।

'ईयूबाट बाहिरिने भन्ने बेलायती राजनीतिक निर्णयका



कारण रोजगारीका अवसर प्रशंसनीयरुपमा बढेका देख्न सकिन्छ तर अर्थतन्त्रको वृद्धि भने निष्प्रभावी बनेको देख्न सकिन्छ ।

**जोन्सनको मध्यावधि निर्वाचन प्रस्ताव विफल**

यसैबीच, संसदको कार्यावधि बाँकी हुँदै मध्यावधि निर्वाचन गराउने बेलायती प्रधानमन्त्री बोरिस जोन्सनको प्रस्तावलाई सांसदहरुले दोस्रो पटक विफल पारिदिएका छन् । प्रधानमन्त्री जोन्सनले ब्रेक्जिटको वर्तमान गतिरोध अन्त्यका लागि मध्यावधि निर्वाचन नै एकमात्र विकल्प रहेको भन्दै संसदमा मतदानका लागि प्रस्ताव गरेका थिए ।

सरकारले प्रस्तुत गरेको प्रस्तावको पक्षमा २९३ जना सांसदले मतदान गरेका थिए । हाउस अफ कमन्सका ६ सय ५० सदस्यमा उक्त प्रस्ताव पारित हुन कम्तीमा ४०० सांसदले पक्षमा मतदान गर्नु आवश्यक रहेको थियो ।

संसद् निलम्बन गर्नुअघि संसदमा भएको बहसमा बिना कुनै सहमति युरोपेली संघबाट बाहिरिने बेलायतको योजनालाई रोक्ने कानुनी प्रावधानलाई सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने माग विपक्षी दलका सांसदले गरेका थिए । प्रधानमन्त्री बोरिस जोन्सनले आगामी अक्टोबर ३१ तारिखमा युरोपेली संघबाट बिना सम्झौता बाहिरिने शर्त राखेका थिए ।

# ज्याक माले अलिबाबा प्रमुखको पद छाडे






■ एजेन्सी
बेइजिङ, भदौ २४

अनलाइन व्यवसायको चर्चित कम्पनी अलिबाबाका प्रमुख ज्याक माले मंगलबार राजीनामा दिएका छन् । माले पद छाडेसँगै उक्त कम्पनीको एउटा युग नै सकिएको बीबीसीले जनाएको छ ।

एक पूर्व अंग्रेजी शिक्षक रहेका ज्याकले सन् १९९९ मा सहसंस्थापकको रूपमा अलिबाबा कम्पनी स्थापना गरेका थिए । अलिबाबा त्यसयता निरन्तर प्रगति गर्दै विश्वकै ठूलो एउटा इन्टरनेट फर्म बन्न सफल भएको थियो ।

ज्याकले व्यवसायमा पाएको सफलताले उनलाई चीनकै सफल व्यवसायी बनाएको थियो । अहिले अलिबाबा ४ खर्ब ८० अर्ब डलर मूल्यवान् कम्पनी बनेको छ भने उनी चीनकै धनी व्यक्ति समेत बन्न सफल भएका छन् ।

ज्याकको पद अलिबाबाका प्रमुख कार्यकारी ड्यानियल झांगले कार्यकारी प्रमुखका रूपमा लिनेछन् ।

उनी चीनको इन्टरनेट उद्यमीहरूमध्ये कम्पनीबाट राजीनामा दिने संस्थापक समेत बनेका छन् ।

**को हुन् ज्याक मा ?**

चीनको पूर्व सहर हांग्झाउमा गरिब परिवारमा ज्याकको जन्म भएको थियो । सुरूवाती करिअरमा उनले शिक्षण पेसा अंगालेका थिए । उनले आफ्नो पहिलो कम्प्युटर किन्दा ३३ वर्षका थिए ।

उनले पहिलो अनलाइनमा सर्च गर्दा कुनै पनि चिनियाँ बियर नभेटेपछि अचम्म भएका थिए । उनीसँग कुनै कप्युटिङ पृष्ठभूमि थिए । त्यसपछि उनले आफू बस्ने अपार्टमेन्टमै साथीहरूसँग मिलेर अलिबाबाको स्थापना गरे । उनले अनलाइन मार्केटप्लेसमा लगानी गर्न आफ्ना साथीहरूको समूहलाई मनाएका थिए ।

त्यसलगत्तै उनको कम्पनीको अन्तर्राष्ट्रिय बजारमा चर्चित हुनपुग्यो । अमेरिकी सहर न्युयोर्कमा अलिबाबा सूचीकृत भयो । अलिबाबाले त्यहाँ विश्वकै ठूलो पब्लिक स्टक अफरिङ गरेको थियो । जुन आफैँमा कीर्तिमान बनेको थियो । ज्याकसँग ३८ अर्ब ६० करोड डलरको सम्पत्ति छ भने उनी चर्चित फोर्ब्स म्यागजिनको अर्बपति सूचीमा समेत अटाएका छन् ।

**अब ज्याकले के गर्लान् ?**

प्रविधि उद्यमी ज्याक अबको समय समाजसेवा र शिक्षा क्षेत्रमा समर्पित गर्न चाहन्छन् । गत वर्ष न्युयोर्क टाइम्ससँग कुरा गर्दै उनले आफ्नो कम्पनीमा अवकाशलाई नयाँ युगको सुरूवात हुने बताएका थिए ।

उनले आफूलाई शिक्षा औधी मन पर्ने बताएका थिए । पद छोडे पनि उनी अलिबाबाको बोर्ड निर्देशकमा रहिरहने र कम्पनीको व्यवस्थापनको नजिक नै रहने बताएका थिए ।

# चिनियाँ केन्द्रीय बैंकद्वारा १ खर्ब २० अर्ब युआनको रिभर्स रिपो जारी



■ एजेन्सी
बेइजिङ, भदौ २४

चीनको केन्द्रीय बैंकले सोमबार बजारमा तरलता अभाव रोक्न १ खर्ब २० अर्ब चिनियाँ युआन वित्तीय प्रणालीमा पठाएको छ । बैंकले वक्तव्यमार्फत उक्त जानकारी दिएको सिन्ह्वाले जनाएको छ ।

पिपल्स बैंक अफ चाइनाले १ सय २० अर्ब युआन सात दिने रिभर्स रिपोमार्फत बजारमा परिचालन गरेको हो । यसको ब्याजदर २ दशमलव ५५ प्रतिशत रहेको छ । भर्खरै १ सय ७६ अर्ब युआनको रिभर्स रिपो परिपक्व भएको थियो । बैंकका अनुसार यसअघि जारी गरिएको रिभर्स रिपो परिपक्व भएसँगै बजारमा तरलता अभाव हुनसक्ने भएकाले त्यसलाई रोक्न नयाँ रिभर्स रिपो जारी गर्नुपरेको हो ।

केन्द्रीय बैंकले वाणिज्य बैंकहरूबाट बोलकबोलका माध्यमले पछि पुनः बैंकहरूलाई नै बिक्री गर्ने गरी सेक्युरिटी पर्चेस गर्नुलाई रिभर्स रिपो भनिन्छ । चीनले वित्तीय बजारलाई न कडा न खुल्ला गर्ने मौद्रिक नीति अवलम्बन गर्दै आएको छ । चालू वर्षमा यही नीतिलाई निरन्तरता दिने केन्द्रीय बैंकले बताएको छ ।



Like us
facebook.com/
aarthikdainik

## सङ्क्षिप्त

### सनराइज फर्स्ट म्युचुअल फण्डले दश करोड म्युचुअल फण्ड इकाइ बिक्री गर्ने

काठमाडौँ (आर्थिक) सनराइज बैंक लिमिटेडद्वारा स्थापित सनराइज म्युचुअल फण्डअन्तर्गत सञ्चालन हुने 'सनराइज फर्स्ट म्युचुअल फण्ड' योजनाले एक अर्ब रूपैयाँबराबरको सामूहिक लगानी कोष (म्युचअल फण्ड) योजनाका इकाइहरु बिक्रीमा ल्याउने भएको छ । नेपाल धितोपत्र बोर्डले सोमबार संस्थालाई सो मात्राको फण्ड जारी गर्न अनुमति दिएको हो । कोष सुपरिवेक्षकहरूमा चण्डीप्रसाद श्रेष्ठ, कृष्णबहादुर मानन्धर, बुद्धिप्रसाद आचार्य, प्राध्यापक पूर्णमान शाक्य र सिए सुधिरकुमार शर्मा रहेका छन् ।

अनुमति पाएसँगै संस्थाले कोष व्यवस्थापक सनराइज क्यापिटलमार्फत अङ्कित मूल्य १० रूपैयाँको १० करोड इकाइ बिक्री गर्न लागेको कम्पनीको जानकारी दिएको छ ।

### मेट लाइफले ग्राहकको व्यतित बीमालेख पुनर्जागरण गर्ने

काठमाडौँ (आर्थिक) । मेट लाइफ नेपालले आफ्ना बीमितहरूका लागि पुनर्जागरण अभियान सञ्चालन गरेको छ । कम्पनीका अनुसार यो अभियानसँगै कम्पनीले व्यतित बीमा लेखहरूको बक्यौता बीमा शुल्कमा लाग्ने विलम्ब शुल्कमा ५० प्रतिशतदेखि एक सय प्रतिशतसम्म छुट प्रदान गरेको छ ।

सो अवधिभर बीमितहरूले आफ्नो व्यतित जीवन बीमा लेखहरूलाई पुनर्जागरण गर्दा विलम्ब शुल्कमा ५० प्रतिशतदेखि एक सय प्रतिशतसम्म छुट प्राप्त गरी जीवन बीमालाई निरन्तरता दिन सक्दछन् । व्यतित अवधि पाँच वर्षभित्रका व्यतित बीमा लेखहरूको हकमा कुनै पनि विलम्ब शुल्क लाग्ने छैन । व्यतित अवधि पाँच वर्षभन्दा बढी भएको व्यतित बीमालेखमा विलम्ब शुल्कमा ५० प्रतिशत छुट हुनेछ । कम्पनीका अनुसार तीन किस्ते भुक्तानी, इण्डोमेन्ट, शिक्षा संरक्षण र सुभविष्य बीमा आजीवन आय बीमालगायतका योजनाहरूमा छुटसम्बन्धी व्यवस्था लागू हुनेछ ।

मेट लाइफ नेपालका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मलकाजी श्रेष्ठ भने यो अभियान मेट लाइफको ग्राहकलाई व्यतित बीमालेख पुनर्जागरण गरी आफनो र आफनो परिवारलाई सुरक्षित राख्न सहयोग गर्नेछ । यसका साथै हामीले पुनर्जागरण प्रक्रियालाई सरलीकृत पनि गरेको छ । यो अभियान यही भदौ २४ गतेदेखि चालू भएर सिमित अवधिको लागि हुनेछ ।

### मुक्तिनाथ विकास बैंकद्वारा छात्रवृत्तिको लागि रकम सहयोग

काठमाडौँ (आर्थिक) । मुक्तिनाथ विकास बैंक लिमिटेडले विद्यार्थीहरूको लागि रकम सहयोग गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत कर्णाली प्रदेश पर्यटकीयतथा सांस्कृतिक संरक्षण केन्द्र, कालिकोटलाई कालिकोट सामुदायिक विद्यालयको विद्यार्थीहरूको शैक्षिक गुणस्तर सुधार गर्न समावेशीताको आधारमा गरिब, अपाङ्ग, द्वन्द्वपीडित, दलित, महिला र आदिवासीलाई एसईई परीक्षा पास भई काठमाडौँमा अध्ययन गर्न इच्छुक छ जना विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि तीन लाख रूपैयाँ आर्थिक सहयोग गरेको हो ।




सहयोग रकम बैंकका सहायक नायव प्रमुख कार्यकारी अधिकृत तिल गुरूङले कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्र कालिकोटका अध्यक्ष टेक राजशाहीलाई हस्तान्तरण गरेका हुन् । हालै बैकले आफ्नै रेमिट, मुक्तिनाथ रेमिटले चाडपर्वलाई लक्षित गरी भाद्र ०१, २०७६ देखि कार्तिक ३० गतेसम्म लागू हुनेगरी रेमिट्यान्स (विप्रेशण) केन्द्रित '७६ साल ७६ उपहार, चाडपर्वसँग खुशीको बहार' अभियान सञ्चालन गरेको बैंकले जनाएको छ ।

### सुन – चाँदीको मूल्य

छापावाल सुन प्रतितोला रू. ७१,०००/-

तेजावी सुन प्रतितोला रू. ७०,७००/-

चाँदी प्रतितोला रू. ८७०/-

स्रोत : नेपाल सुनचाँदी व्यवसायी महासंघ

# सेयर बजारमा सामान्य अंकले गिरावट

## दुई दशमलव २४ अंकले बजार ओरालो लाग्दा २३ करोडको कारोबार

आर्थिक संवाददाता
काठमाडौँ, भदौ २४

सेयर बजार परिसूचक पुनः ओरालो लागेको छ । साताको तेस्रो कारोबार दिन मंगलबार बजार परिसूचक दुई दशमलव २४ अंकले ओरालो लागेर ११ सय ६६ दशमलव ६७ अंकमा झरेको छ । 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स भने शून्य दशमलव २१ अंकले उकालो लागेर दुई सय ५५ दशमलव ५७ अंकमा चढेको छ । यसदिन धितोपत्र बजारमा कुल एक सय ७२ वटा कम्नीहरूको कारोबार भएका छन् । जसअनुसार छ हजार छ सय ३१ वटा कारोबारमा नौ लाख ९२ हजार एक सय २२ कित्ता सेयर खरिदबिक्री हुँदा कारोबार रकम २३ करोड ७९ लाख ५९ हजार छ सय ५३ रूपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा यसदिन सातवटा समूहको कारोबार भएका छन् । जसअनुसार चारवटा समूहको सूचक उकालो लागेका छन् भने आठवटा समूहको सूचक ओरालो लागेका छन् । यीमध्ये वाणिज्य बैंक समूहको सूचक एक दशमलव ७५ अंकले ओरालो लागेर एक हजार ७० दशमलव ७३ अंकमा झरेकोमा जलविद्युत् समूहको सूचक आठ दशमलव दुई अंकले ओरालो लागेर नौ सय ६७ दशमलव ४७ अंकमा झरेको छ । यसैगरी फाइनान्स समूहको सूचक पनि तीन दशमलव एक अंकले ओरालो लागेर पाँच सय ७१ दशमलव ३९ अंकमा झरेकोमा जीवन बीमा समूहको सूचक पनि २६ दशमलव २१ अंकले ओरालो लागेर पाँच हजार दुई सय १२ दशमलव १८ अंकमा झरेको छ । यीबाहेक ट्रेडिङ, उत्पादनमूलक, अन्य र लघुवित्त समूहको सूचक पनि क्रमशः शून्य दशमलव शून्य आठ, १६ दशमलव ६६, एक दशमलव ७८ र चार दशमलव १२ अंकले ओरालो लागेका छन् । विकास बैंक समूहको सूचक भने यसदिन दुई दशमलव छ अंकले उकालो लागेर १५ सय ७२ दशमलव २८ अंकमा चढेकोमा निर्जीवन बीमा समूहको सूचक पनि २२ दशमलव ८२ अंकले उकालो लागेर चार हजार चार सय ९० दशमलव ५९ अंकमा चढेको छ । यीबाहेक होटल र सामूहिक लगानी कोष समूहको सूचक पनि क्रमशः २८ दशमलव ८७ र शून्य दशमलव शून्य पाँच अंकले उकालो लागेका छन् ।

यसदिन कमाउने कम्पनीको सूचीमा पहिलो स्थानमा परेको हिमालयन ऊर्जा विकास कम्पनीको प्रतिकित्ता सेयर मूल्य छ रूपैयाँ ७२ पैसाले घटेर एक सय २७ रूपैयाँमा किनबेच भएको छ । दोस्रो स्थानमा परेको माउन्टेन हाइड्रोपावर कम्पनीको सेयर मूल्य छ रूपैयाँ दुई पैसाले बढेर ८८ रूपैयाँमा किनबेच भएको छ । यीबाहेक नबिल इक्विटी फसण्ड, सांग्रिला डेभलपमेन्ट बैंक आदिको सेयर मूल्य पनि बढेका छन् । यसदिन गुमाउने कम्पनीको सूचीमा पहिलो स्थानमा परेको सेन्ट्रल फाइनान्सको प्रतिकित्ता सेयर मूल्य चार रूपैयाँ ४६ पैसाले घटेर एक सय सात रूपैयाँमा किनबेच भएको छ । दोस्रो स्थानमा परेको अरूण कावेली पावर कम्पनीको प्रतिकित्ता सेयर मूल्य चार रूपैयाँ १० पैसाले घटेर एक सय ४० रूपैयाँमा किनबेच भएको छ । यीबाहेक कञ्चन डेभलपमेन्ट बैंक, युनिभर्सल पावर कम्पनी आदिको सेयर मूल्य पनि ओरालो लागेका छन् ।

यसदिन कुमारी बैंकको सबैभन्दा बढी रकम कारोबार भएको छ । सो बैंकको प्रतिकित्ता दुई सय तीन रूपैयाँ अन्तिम मूल्यमा एक करोड २५ लाख ९९ हजार आठ सय २९ रूपैयाँको सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको एनआईसी एशिया बैंकको प्रतिकित्ता चार सय ४८ रूपैयाँ अन्तिम मूल्यमा एक करोड २३ लाख दुई हजार चार सय छ रूपैयाँको सेयर किनबेच भएको छ । यीबाहेक नेपाल लाइफ इन्स्योरेन्स कम्पनी, कृषि विकास बैंक आदिको पनि बढी रकम कारोबार भएका छन् ।

# आइएमई लाइफको एजेन्सी मेनेजर सम्मान

आर्थिक संवाददाता
काठमाडौँ, भदौ २४

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले एजेन्सी म्यानेजर सम्मान कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालको सभापतित्वमा अभिकर्ता सम्मान कार्यक्रम



सम्पन्न गरेको हो । कम्पनीको बिहीबार काठमाडौँको चन्द्रागिरिस्थित चन्द्रागिरि हिल एण्ड रिसोर्टमा उक्त कार्यक्रम सम्पन्न गरेको जानकारी दिएको छ ।

कार्यक्रममा आर्थिक वर्ष २०७५/७६ मा महत्वपूर्ण योगदान पुऱ्याएका मूल्यवान एजेन्सी मेनेजरलाई सम्मान गरिएको थियो । कार्यक्रममा कम्पनीका साते प्रदेशका प्रदेश प्रमुख, कम्पनीका विभागीय प्रमुख र शाखा प्रबन्धकहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा अध्यक्ष अर्यालले कम्पनीमा आबद्ध भएका सम्पूर्ण अभिकर्ताहरूलाई बधाई तथा शुभकामना दिई अभिकर्ताहरूको बीमा व्यवसायमा मात्र नभई समग्रमा देशको अर्थतन्त्रमा नै ठूलो योगदान रहने विषय जानकारी दिँदै आगामी दिनमा बीमा व्यवसायलाई थप मर्यादित तथा व्यवस्थित बनाउदै कम्पनीको व्यवसायमा थप योगदान गर्नका लागि जोड दिए ।

त्यसैगरी कम्पनीका सञ्चालक समितिका सदस्य अश्वीनीकुमार ठाकुरले सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिए । सो कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्टले इन्स्योरेन्समा अभिकर्ताको महत्वपूर्ण भूमिका रहने हुँदा अभिकर्तालाई यस कम्पनीमा आबद्ध रहिरहन र थप सक्रिय बनाउनका लागि कम्पनीले समयानुकूल अभिकर्ता लक्षित गरी विभिन्न प्रकारका योजनाहरु ल्याउने गरेको जानकारी दिए । सो अवसरमा सम्पूर्ण अभिकर्ताहरूलाई व्यवसाय अभिबृद्धि हुने प्रकारको उत्प्रेरणात्मक कार्यक्रम पनि अयोजना गरीएको थियो । कार्यक्रमले विभिन्न घोषणाहरु पारितसमेत गरेको जानकारी दिएको छ ।

# राष्ट्रिय वाणिज्य बैक र किस्ट टिचिङ हस्पिटलबीच सम्झौता

काठमाडौँ, भदौ २४ राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र किस्ट टिचिङ हस्पिटलबीच सम्झौता भएको छ । बैंकले आफ्ना ग्राहकवर्ग, कर्मचारी तथा तिनका आश्रित परिवारलाई हस्पिटलले दिने सेवामा १५ प्रतिशतसम्म छुट दिनेसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र किस्ट टिचिङ हस्पिटलका कार्यकारी अध्यक्ष आशिस थापाले हस्ताक्षर गरेका छन् ।

सम्झौतापश्चात् राष्ट्रिय वाणिज्य बैंकका ग्राहकवर्ग, कर्मचारी तथा तिनका आश्रित परिवारले आउट सोर्सबाहेकको हस्पिटल सेवा शुल्कमा १५ प्रतिशत र फार्मेसीमा सात प्रतिशत छुट एक वर्षसम्म पाउनेछन् । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायव प्रमुख कार्यकारी अधिकृतहरु कबिराज अधिकारी, केशबप्रसाद लम्साल, विभागीय प्रमुख पवन रेग्मी, किस्ट टिचिङ हस्पिटलका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

राष्ट्रिय वाणिज्य बैंकको हाल साते प्रदेश, ७७ जिल्लामा दुई सय ३६ वटा शाखा कार्यालय, दुई सय पाँच वटा एटीएम, ९३ वटा शाखारहित बैंकिङ सेवा रहेको छ । चालू आव २०७५/०७६ को चौथो त्रैयमाससम्म बैंकले एक खर्ब ९० अर्ब रूपैयाँ निक्षेप संकलन गरी एक खर्ब ४४ अर्व रूपैयाँ कर्जा लगानी गरी पाँच अर्ब ३२ करोड रूपैयाँ खुद मुनाफा आर्जन गरेको छ ।

# नेपाल लाइफ इन्स्योरेन्सको ब्रान्च म्यानेजर्स सम्मेलन

आर्थिक संवाददाता
काठमाडौँ, भदौ २४

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले शाखा प्रमुख (ब्रान्ज म्यानेजर्स)हरूको सम्मेलन सम्पन्न गरेको छ । विगत १९ वर्षदेखि नेपाली जीवन बीमा क्षेत्रमा उत्कृष्ट सेवा तथा सुविधा प्रदान गरी आम जनमानसमा लोकप्रिय बनेको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले पोखरामा 'ब्रान्च म्यानेजर्स कन्फरेन्स एण्ड एजेन्सी फ्यासिलिटेशन प्रोग्राम २०७६' सम्पन्न गरेको हो । कम्पनीले यही भदौ २१ देखि २४ गतेसम्म सञ्चालन गरेको उक्त कार्यक्रम एजेन्ट, एजेन्सी म्यानेजर, शाखा कार्यालय, उपशाखा कार्यालयलगायतका उत्कृष्ट कार्यसम्पादन गर्ने व्यक्ति तथा कर्मचारीलाई नगदसहित पुरस्कृत गर्दै सम्पन्न भएको हो । उक्त कार्यक्रमको उद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झाले गरेका हुन् । बाजागाजाका साथ सुरु गरिएको कार्यक्रममा आगामी दिनका लागि कम्पनीको स्ट्राटेजी निर्माण गरिनुका साथै विभिन्न मोटिभेशन र मनोरन्जनात्मक कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।

देशभरिका एजेन्ट, एजेन्सी म्यानेजर, क्षेत्रीयकार्यालय, शाखा कार्यालय, उपशाखा कार्यालयलगायतका कर्मचारीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा एजेन्टतर्फ ५० र एजेन्सी म्यानेजरतर्फ ५० जनालाई नगदसहित पुरस्कृत गरियो । त्यसैगरी कम्पनीले उत्कृष्ट कार्यसम्पादन गर्ने आफ्ना कर्मचारीहरूलाई पनि सम्मान गरेको छ । कार्यक्रममा एजेन्सी म्यानेजरतर्फको 'एजेन्सी म्यानेजर अफ इयर' अवार्डका लागि पहिलो हुने बिर्तामोड शाखाकी निर्मला खत्रीले तीन लाख ३३ हजार नगदसहित सम्मान-पत्र, दोस्रो हुने नयाँ बानेश्वर शाखाकी दुर्गाकुमारी खत्रीले एक लाख ८० हजार नगदसहित सम्मान-पत्र र तेस्रो हुने बिर्तामोड शाखाकै वेदनारायण गोदारले एक लाख नगदसहित सम्मान-पत्र हात पार्न सफल भएका छन् ।



त्यस्तै, एजेन्टतर्फको 'एजेन्ट अफ द इयर' अवार्डका लागि पहिलो हुने नयाँ बानेश्वर शाखाका अच्युत पौडेलले तीन लाख ३३ हजार नगदसहित सम्मान-पत्र, दोस्रो हुने बिर्तामोड शाखाकी प्रमिला बस्नेतले एक लाख ८० हजार नगदसहित सम्मान-पत्र र तेस्रो हुने बूढानीलकण्ठ शाखाका नैनबहादुर खत्रीले एक लाख नगदसहित सम्मान-पत्र हात पार्न सफल भएका छन् । कर्मचारीतर्फको 'वेष्ट पर्फमेन्स अफ द इयर' अवार्ड विर्तामोड शाखाका अमेन्द्रकुमार कर्ण र 'वेस्ट रिजनल म्यानेजर अफ द इयर' अवार्ड पूर्वाञ्चल क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक टीकादत्त प्याकुरेललाई प्रदान गरिएको छ ।

नेपालको जीवन बीमा बजारको लगभग ३२ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको यस कम्पनीले आफ्ना कर्मचारी तथा एजेन्टहरूलाई प्रोत्साहन गर्न हरेक वर्ष यस्ता सम्मान तथा उत्प्रेरणामूलक कार्यक्रमहरु गर्दै आएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झाले जानकारी दिए । प्रमुख कार्यकारी अधिकृत झाका अनुसार नेपालको इन्स्योरेन्स क्षेत्र विस्तारकै क्रममा रहेकाले हामी पनि देशैभरि जीवन बीमाको सहज पहुँच पुऱ्याउन शाखा विस्तारको रणनीतिमा रहेको बताए । साथै नेपाल लाइफले समयसापेक्ष छिटो-छरितो, सरल र सहजरूपमा सेवा प्रदान गर्नको लागि प्रविधिमैत्री बीमा कारोबार अघि बढाउनेछ, जसमा एप्समार्फत बीमितलाई कुनै पनि समय कुनै पनि स्थानबाट सहज पुहँच प्राप्त हुनेछ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत झाले कर्मचारीको कार्यसम्पादन तथा अभिकर्ताको उत्प्रेरणा बृद्धिको लागि आवश्यक तालिम तथा उत्प्रेरणामूलक कार्यक्रमका साथै संस्थागत सुशासनमा विशेष जोड दिने बताए । हालसम्म स्वदेश र विदेश गरी २६ लाख ३० हजारभन्दा बढी व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन् । ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

## सेयर कारोबार २०७६/५/२४

| कम्पनीको नाम | कारोबार संख्या | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | जम्मा सेयर | जम्मा रकम | अधिकतम अन्तिम मूल्य | फरक मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| आँधीखोला लघुवित्त वित्तिय संस्था लि. | ७६२ | ४७२ | ४५८ | ४६६ | ८७६५ | ४०६०३०१ | ४६७ | -१ |
| कृषि विकास बैंक लि. | ८६ | ४१९ | ४१६ | ४१८ | २१६२८ | ९०३९३६६ | ४१८ | ० |
| आँखु खोला जलविद्युत कम्पनी लि. | ७ | ६० | ५७ | ५९ | ४२१ | २४८१९ | ५८ | १ |
| अपि पावर कम्पनी लि. | ४६ | ११५ | १११ | ११२ | ८२५५ | ९२४४३७ | ११४ | -२ |
| अरूण कावेली पावर लि. | ३३ | १४४ | १३८ | १४० | ७८८० | ११०५०४२ | १४६ | -६ |
| अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | १६ | ९९ | ९७ | ९९ | ४७५८ | ४६२८५७ | ९८ | १ |
| आशा लघुवित्त वित्तिय संस्था लि. | ३२ | ४४७ | ४३९ | ४३९ | ११५५ | ५०८६६० | ४४७ | -८ |
| एसियन लाइफ इन्स्योरेन्स कं. लि. | ३६ | ३२३ | ३१२ | ३२० | ५००८ | १५९५६१६ | ३२१ | -१ |
| बैंक अफ काठमाण्डु लि. | ६४ | २५८ | २५४ | २५५ | २२७७० | ५८०४८०२ | २५६ | -१ |
| वरूण हाइड्रोपावर कं. लि. | १७ | ९१ | ८७ | ९० | ७७७ | ६९३७२ | ८८ | २ |
| वेस्ट फाइनान्स कं. लि. | ४ | ९१ | ९१ | ९१ | १००० | ९१००० | ९२ | -१ |
| विशाल बजार कम्पनी लि. | २ | १३८५ | १३८५ | १३८५ | १३५ | १८६९७५ | १३८६ | -१ |
| वोटर्ल्स नेपाल (तराई) लि. | १ | ६२९८ | ६२९८ | ६२९८ | १० | ६२९८० | ६४२६ | -१२८ |
| वुटवल पावर कम्पनी लि. | ३६ | ३८५ | ३६९ | ३७७ | ३९२६ | १४८०८१५ | ३८२ | -५ |
| सेन्ट्रल फाइनान्स कं. लि. | १५ | ११२ | १०७ | १०७ | ५८८० | ६४३९५० | ११२ | -५ |
| सेन्चुरी कमर्सियल बैंक लि. | ५५ | १५९ | १५७ | १५८ | ११६०६ | १८३७११४ | १५९ | -१ |
| छिमेक लघुवित्त विकास बैंक लि. | २१ | ९८६ | ९७८ | ९७९ | १६६५ | १६३३४१० | ९७९ | ० |
| छ्याङ्दी हाइड्रोपावर लि. | ४ | ८० | ८० | ८० | ७४ | ५९२० | ८१ | -१ |
| चिलेमी हाइड्रोपावर कं. लि. | १८ | ४४० | ४३४ | ४३६ | २७८९ | १२२०५११ | ४३७ | -१ |
| सिटिजन बैंक इन्टरनेशनल लि. | ८५ | २२४ | २२१ | २२२ | २०६०१ | ४५८०१२५ | २२२ | ० |
| सिटिजन इन्भेष्टमेन्ट ट्रस्ट | २५ | १८८६ | १८५० | १८६३ | १०९९ | २०४६१६५ | १८६८ | -५ |
| सिटिजन्स् म्युचल फण्ड-१ | ४ | ९.५७ | ९.५५ | ९.५५ | १३०० | १२४१८ | ९.६२ | -०.०७ |
| सिटि एक्सप्रेस फाइनान्स कं. लि. | १ | १०२ | १०२ | १०२ | १०० | १०२०० | १०० | २ |
| सिभिल बैंक लि. | १२२ | १४६ | १४४ | १४६ | ३७६४४ | ५४४२७१६ | १४६ | ० |
| सिभिल लघुवित्त वित्तिय संस्था लि. | ४ | ५०० | ४९५ | ५०० | ४२ | २०९१२ | ४९५ | ५ |
| कर्पोरेट डेभलपमेन्ट बैंक लि. | २ | ११७ | ११५ | ११५ | १३० | १५१५० | ११८ | -३ |
| डिप्रोक्स लघुवित्त वित्तिय संस्था लि. | ३४ | ७२० | ७१० | ७१० | २६३१ | १८८३३४० | ७१५ | -५ |
| देव विकास बैंक लि. | २२ | १३२ | १२९ | १३१ | ५४७८ | ७१५१०१ | १३० | १ |
| दिवयेश्वरी हाइड्रोपावर लि. | ४ | ६० | ५८ | ५८ | ५५ | ३२४५ | ६० | -२ |
| एभरेष्ट बैंक लि. | ३६ | ६१० | ५९४ | ५९८ | ५४१४ | ३२५०५५७ | ६०२ | -४ |
| एभरेष्ट इन्स्योरेन्स कं. लि. | ३ | २९० | २९० | २९० | २८० | ८१२०० | २९० | ० |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | २ | २६५ | २६४ | २६४ | १६५ | ४३५७५ | २७० | -६ |
| फस्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. | १७ | ३८३ | ३७३ | ३७३ | १६०५ | ६०२९७२ | ३७७ | -४ |
| फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तिय संस्था लि. | २२ | १३०५ | १२८२ | १२९२ | ७५५ | ९७३५०९ | १२९२ | ० |
| गणपती माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ३३ | ५१० | ४९५ | ४९७ | १५९० | ७९५०६० | ५०२ | -५ |
| गण्डकी विकास बैंक लि. | १६ | २०८ | २०५ | २०७ | १४५५ | ३००१२५ | २०७ | ० |
| गरिमा विकास बैंक लि. | २२ | २१४ | २१२ | २१३ | ४२२४ | ८९७७७१ | २१२ | १ |
| घलेम्दी हाइड्रो लि. | ७ | ६९ | ६८ | ६८ | १८० | १२२७० | ६९ | -१ |
| ग्लोबल आइएमई समुन्नत स्कीम-१ | २ | ६.९७ | ६.८४ | ६.९७ | ३८७३ | २६७५१.३२ | ६.९६ | ०.०१ |
| गुडवील फाइनान्स कं. लि. | ८ | १४० | १३५ | १३५ | ४२५६ | ५७८४३६ | १३८ | -३ |
| ग्रामीण विकास लघुवित्त वित्तिय संस्था लि. | ६५ | ३३८ | ३२९ | ३३१ | ५४६५ | १८१८०२६ | ३३३ | -२ |
| ग्रीन डेभलपमेन्ट बैंक लि. | ७ | १०६ | १०४ | १०६ | १००० | १०५०५० | १०६ | ० |
| गुहेश्वरी मर्चेन्ट बैंक एण्ड फाइनान्स कं. लि. | १ | ११५ | ११५ | ११५ | १० | ११५० | ११७ | -२ |
| गुराँस लघुवित्त वित्तिय संस्था लि. | ९ | ४६७ | ४५८ | ४६० | २९० | १३४९२० | ४६४ | -४ |
| गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | ८२ | ३९४ | ३८० | ३८३ | ६८८८ | २६७२३५७ | ३८३ | ० |
| हिमालय उर्जा विकास कं. लि. | ५ | १२७ | १२१ | १२७ | ५० | ६१७० | ११९ | ८ |
| हिमालयन बैंक लि. | १३ | ५२७ | ५२५ | ५२६ | ४९८१ | २६१८२५५ | ५२६ | ० |
| हिमालयन डिष्टलरी लि. | ७ | १५२४ | १४७० | १५२४ | २०० | २९६७८० | १५०० | २४ |
| हिमालयन जनरल इन्स्योरेन्स कं. लि. | २६ | २८९ | २८३ | २८४ | ४८२० | १३७४५४० | २८८ | -४ |
| हिमालयन पावर पार्टनर लि. | २४ | १४३ | १४० | १४३ | ७०० | ९८९४० | १४१ | २ |
| हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभ. कं. लि. | ४२ | १३९ | १३५ | १३७ | ४५८६ | ६२६८३६ | १३७ | ० |
| आईसिएफसी फाइनान्स लि. | ९ | १६१ | १५६ | १६१ | १३९० | २२१०६० | १५९ | २ |
| आईएमई जनरल इन्स्योरेन्स लि. | ५ | ३२७ | ३२६ | ३२६ | ६१० | १९८८८० | ३३२ | -६ |
| इन्फीनिटि लघुवित्त वित्तिय संस्था लि. | ५६ | ४४० | ४३२ | ४३६ | १०२० | ४४४३८० | ४३८ | -२ |
| जानकी फाइनान्स लि. | ६५ | २०१ | १९७ | २०० | १६८७० | ३३६१०४७ | २०० | ० |
| जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक लि. | ५ | ९६३ | ९४५ | ९६३ | २३५ | २२५८६० | ९६१ | २ |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ५ | ६१ | ६० | ६१ | ३०१ | १८३१० | ६० | १ |
| ज्योती विकास बैंक लि. | २४ | १६० | १५७ | १६० | ४३८२ | ६८९६८१ | १६० | ० |
| कालिका पावर कं. लि. | ३१ | ७९ | ७८ | ७८ | ३१० | २४३१० | ७९ | -१ |
| कामना सेवा विकास बैंक लि. | २५ | १४३ | १४० | १४० | ४६२४ | ६४७८७० | १४० | ० |
| कञ्चन डेभलपमेन्ट बैंक लि. | ४ | १८१ | १७७ | १७७ | १३९८ | २४७५०६ | १८४ | -७ |
| कर्णाली डेभलपमेन्ट बैंक लि. | ६ | १०६ | १०३ | १०६ | ४६७ | ४९०९६ | १०४ | २ |
| खानीखोला हाइड्रोपावर कं. लि. | ९ | ५३ | ५२ | ५३ | १०२ | ५३४६ | ५४ | -१ |
| कुमारी बैंक लि. | १६३ | २०४ | २०० | २०३ | ६२५२२ | १२५९९८२९ | २०३ | ० |
| लक्ष्मी बैंक लि. | २६ | २१६ | २११ | २१३ | ४४०२ | ९३६७६७ | २१३ | ० |
| लक्ष्मी इक्वीटी फण्ड | ५ | ७.११ | ७ | ७ | १३५०० | ९५४०० | ७.१४ | -०.१४ |
| लक्ष्मी लघुवित्त वित्तिय संस्था लि. | ११ | ७२८ | ७०४ | ७२० | ४५० | ३२१४८८ | ७०० | २० |
| लक्ष्मी भ्यालु फण्ड-१ | २ | ९.१८ | ९ | ९ | २०००० | १८१८०० | ९ | ० |
| लाइफ इन्स्योरेन्स कं. नेपाल | ८ | १००१ | ९८२ | १००१ | ३१८ | ३१३९०० | १००१ | ० |
| लुम्बिनी विकास बैंक लि. | ४३ | १७५ | १७२ | १७३ | ८०८५ | १४०१६३९ | १७५ | -२ |
| लुम्बिनी जनरल इन्स्योरेन्स कं. लि. | १४ | ३७५ | ३६७ | ३७२ | १९४० | ७१९७७६ | ३६७ | ५ |
| माछापुच्छ्रे बैंक लि. | २६ | २५३ | २४७ | २५१ | १४८०९ | ३७०६६०६ | २५० | १ |
| महालक्ष्मी विकास बैंक लि. | ३७ | २१५ | २०९ | २११ | ८९९३ | १८८८८१७ | २११ | ० |
| महिला सहयात्रा माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ५ | ४८४ | ४८० | ४८० | ९२ | ४४२५४ | ४८९ | -९ |
| महुली सामुदायिक लघुवित्त वित्तिय संस्था लि. | २ | ९२५ | ९२५ | ९२५ | ४३ | ३९७७५ | ९२५ | ० |
| मञ्जुश्री फाइनान्स लि. | २ | १२६ | १२६ | १२६ | ३०५ | ३८४३० | १२६ | ० |
| मेगा बैंक नेपाल लि. | ९२ | १९९ | १९६ | १९६ | १७९२२ | ३५३६३४३ | १९९ | -३ |
| मेरो माइक्रोफाइनान्स वित्तिय संस्था लि. | २६ | ५६३ | ५४७ | ५५८ | २३८५ | १३२२९३० | ५६१ | -३ |
| मितेरी डेभलपमेन्ट बैंक लि. | १३ | २४३ | २३५ | २४३ | २३९१ | ५६९१५३ | २३६ | ७ |
| मिथिला लघुवित्त वित्तिय संस्था लि. | १० | ४५० | ४४० | ४४० | २४३ | १०७७७६ | ४४२ | -२ |
| माउन्टेन हाइड्रो नेपाल लि. | १७ | ८८ | ८३ | ८८ | २१९० | १८६६१० | ८३ | ५ |
| मुक्तिनाथ विकास बैंक लि. | ५१ | ३१५ | ३१० | ३१२ | १२८८९ | ४०१६३०७ | ३१३ | -१ |
| मल्टिप्रपोज फाइनान्स कं. लि. | १ | १०५ | १०५ | १०५ | १५ | १५७५ | १०५ | ० |
| नबिल बैंक लि. | ६० | ७७५ | ७६७ | ७६९ | ७५६९ | ५८३९२८९ | ७७६ | -७ |
| नबिल इक्वीटी फण्ड | १० | ८.०७ | ७.५५ | ८.०७ | ६१३५० | ४६६३५३.६४ | ७.६२ | ०.४५ |
| नाडेप लघुवित्त वित्तिय संस्था लि. | ६५ | ४५१ | ४३५ | ४३५ | ३६८२ | १६२३८२० | ४५१ | -१६ |
| नेशनल हाइड्रोपावर कम्पनी लि. | २१ | ५७ | ५५ | ५६ | ७४०० | ४१०३६० | ५६ | ० |
| नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | ३७ | ५०३ | ४९५ | ५०३ | ३८६१ | १९१९९८६ | ५०४ | -१ |
| नेशनल माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ९ | १५७० | १५३९ | १५३९ | ४६३ | ७१४७७२ | १५७५ | -३६ |
| नयाँ नेपाल लघुवित्त विकास बैंक लि. | २ | ४३३ | ४२५ | ४३३ | ७० | २९९१० | ४२२ | ११ |
| नेको इन्स्योरेन्स कं. लि. | ४३ | ३८५ | ३७८ | ३८२ | ७३९५ | २८०९१३४ | ३८३ | -१ |
| नेपाल आग्रो लघुवित्त वित्तिय संस्था लि. | १८ | ७७८ | ७२४ | ७७८ | २१६ | १५९५९० | ७५० | २८ |
| नेपाल बंगलादेश बैंक लि. | ६३ | २११ | २०७ | २०८ | १८८९४ | ३९३२४३२ | २०९ | -१ |
| नेपाल बैंक लि. | ८० | ३२१ | ३१६ | ३१७ | २७११५ | ८६१८९४५ | ३१७ | ० |
| नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक लि. | ६० | २०२ | २०० | २०२ | २४०४८ | ४८३६१८७ | २०२ | ० |
| नेपाल दूरसञ्चार कं. लि. | ४७ | ६३५ | ६२० | ६३० | ५४९३ | ३४५३३७७ | ६३२ | -२ |
| नेपाल हाइड्रो डेभलपर्स लि. | ४ | ९९ | ९८ | ९८ | ४० | ३९३० | ९८ | ० |
| नेपाल इन्स्योरेन्स कं. लि. | २८ | २८१ | २६७ | २७६ | ३८७६ | १०४९५९४ | २७३ | ३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | ९१ | ४५९ | ४४३ | ४५० | १०८८१ | ४८७२३३४ | ४४६ | ४ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. प्रोमोटर शेयर | ३ | ४३५ | ४३३ | ४३४ | ५६० | २४२९०० | ४३५ | -१ |
| नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | १४३ | ७९८ | ७९० | ७९० | १३६६१ | १०८३६३९७ | ७९९ | -९ |
| नेपाल एसबीआई बैंक लि. | २४ | ४३० | ४२० | ४२६ | ४२६४ | १८१३५४४ | ४२२ | ४ |
| नेपाल सेवा लघुवित्त वित्तिय संस्था लि. | ४ | ४१५ | ४०८ | ४०८ | ४० | १६५३० | ४१४ | -६ |
| नेरूडे लघुवित्त विकास बैंक लि. | २१ | ५२३ | ५०८ | ५०८ | १४९३ | ७७१०२९ | ५१४ | -६ |
| ङ्याग्दी ग्रुप पावर लि. | २३ | १०२ | ९८ | ९८ | ४५५६ | ४५४७१६ | १०० | -२ |
| एनआईबिएल प्रगति फण्ड | २ | ६.८ | ६.८ | ६.८ | ५०५० | ३४३४० | ६.८१ | -०.०१ |
| एनआईसी एसिया बैंक लि. प्रोमोटर शेयर | १ | २४६ | २४६ | २४६ | १५००० | ३६९०००० | २४६ | ० |
| एनआईसी एसिया बैंक लि. | १४९ | ४५० | ४४३ | ४४८ | २७६४९ | १२३०२४०६ | ४४८ | ० |
| निर्धन उत्थान लघुवित्त वित्तिय संस्था लि. | १८ | ८५० | ८३६ | ८३६ | १३३६ | ११२७७९६ | ८४३ | -७ |
| एनएलजी इन्स्योरेन्स कं. लि. | १८ | ५८० | ५६८ | ५८० | १८६५ | १०७२०८० | ५७७ | ३ |
| एनएमबी माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ८ | १०७४ | १०५३ | १०६० | १५१ | १६०५४२ | १०५३ | ७ |
| एनएमबी हाइब्रीड फण्ड एल-१ | ३ | ९.४ | ९.३५ | ९.४ | ७७७२ | ७३०३६ | ९.३४ | ०.०६ |
| एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड-१ | ११ | ११.२ | ११.१३ | ११.२ | ६४३१० | ७१७४४२ | ११.१५ | ०.०५ |
| ओरेन्टल होटेल्स लि. | २० | ५३६ | ५१४ | ५३० | ५९० | ३११२४२ | ५३४ | -४ |
| पञ्चकन्या माई हाइड्रोपावर लि. | ३२ | १०० | ९७ | ९७ | ७४० | ७१९१० | ९८ | -१ |
| पाँचथर पावर कं. लि. | १४ | ९८ | ९६ | ९८ | ३९० | ३८०७० | ९९ | -१ |
| पोखरा फाइनान्स लि. | ९ | १३५ | १३२ | १३५ | ४९६ | ६६३६१ | १३३ | २ |
| प्रभु बैंक लि. | ८८ | २६६ | २६० | २६२ | २३४९३ | ६१५२४९६ | २६१ | १ |
| प्रभु इन्स्योरेन्स लि. | ४२ | ३२१ | ३१५ | ३१५ | ६८२१ | २१६८५३४ | ३२२ | -७ |
| प्रिमियर इन्स्योरेन्स कं. लि. | ३० | ४०० | ३९१ | ४०० | ८२५ | ३२७४१० | ३९८ | २ |
| प्राइम कमर्सियल बैंक लि. | ३० | २७० | २६८ | २६८ | ६७७५ | १८१८७८३ | २६८ | ० |
| प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | २३ | ४०२ | ३९४ | ३९४ | २६२३ | १०४२५४५ | ३९७ | -३ |
| प्रोग्रेसिभ फाइनान्स लि. | ३ | ९८ | ९८ | ९८ | ५७७ | ५६५४६ | ९९ | -१ |
| प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | २ | ४५५ | ४५० | ४५० | १५० | ६८००० | ४५१ | -१ |
| राधी विद्युत कम्पनी लि. | २३ | १३४ | १३२ | १३४ | १०८६ | १४३९८६ | १३६ | -२ |
| राईराङ हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | २८ | १०६ | १०३ | १०३ | ७८० | ८०६२० | १०४ | -१ |
| राष्ट्रिय विमा कं. लि. | ५ | ८८५० | ८७०१ | ८८५० | ६० | ५२९२३० | ८६७० | १८० |
| राष्ट्रिय विमा कं. लि. प्रोमोटर शेयर | १० | ७९९९ | ७७५१ | ७७५१ | ११० | ८६५७१० | ७८६५ | -११४ |
| रसुवागढी हाइड्रोपावर कं. लि. | ७०५ | १७० | १६० | १६१ | ४५८५८ | ७४४९०२० | १६६ | -५ |
| रिलायन्स फाइनान्स लि. | ३ | ११५ | ११३ | ११५ | १५७९ | १७९५५७ | ११५ | ० |
| रिडी हाइड्रोपावर डेभलपमेन्ट कं. लि. | ५ | ८४ | ८१ | ८३ | २५९ | २१५४८ | ८२ | १ |
| आर.एम.डि.सी. लघुवित्त वित्तिय संस्था लि. | २३ | ६५५ | ६३० | ६५५ | २१२३ | १३५१११८ | ६३७ | १८ |
| आर.एस.डि.सी. लघुवित्त वित्तिय संस्था लि. | २१ | ३४० | ३३१ | ३३८ | २१३८ | ७१९९४९ | ३४१ | -३ |
| सबैको लघुवित्त वित्तिय संस्था लि. | २७६ | ४९५ | ४८६ | ४८९ | ३९३६ | १९२८२३८ | ४९३ | -४ |
| सगरमाथा इन्स्योरेन्स कं. लि. | १ | ५३५ | ५३५ | ५३५ | २५ | १३३७५ | ५२५ | १० |
| समता माइक्रोफाइनान्स वित्तिय संस्था लि. | ९ | १२९० | १२४१ | १२६५ | २३१ | २९१९०७ | १२४१ | २४ |
| सामुदायिक लघुवित्त वित्तिय संस्था लि. | ११ | ७२५ | ७०८ | ७१८ | ३३८ | २४३७४० | ७१९ | -१ |
| साना किसान विकास बैंक लि. | १२ | ९६४ | ९४२ | ९४५ | २०७१ | १९५७५५५ | ९५९ | -१४ |
| सानिमा बैंक लि. | ५२ | ३५३ | ३४५ | ३५२ | १२०१९ | ४२०५४९१ | ३५० | २ |
| सानिमा माई हाइड्रोपावर लि. | ३१ | २०९ | २०२ | २०७ | ८१२६ | १६७०१६३ | २०९ | -२ |
| सानजेन जलविद्युत कं. लि. | ६५९ | १८२ | १७३ | १७७ | २६९७१ | ४७७६८७५ | १८१ | -४ |
| साग्रिला डेभलपमेन्ट बैंक लि. | ५ | १४६ | १४२ | १४६ | २०१० | २९००४० | १४० | ६ |
| शिखर इन्स्योरेन्स कं. लि. | ७ | ७६५ | ७४८ | ७४८ | ७७८ | ५८३९९६ | ७६५ | -१७ |
| शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | १० | २५३ | २५२ | २५३ | ४७७८ | १२०५५७४ | २५२ | १ |
| शिवम् सिमेन्टस् लि. | ४९ | ५३९ | ५२५ | ५३० | ६९३० | ३६८६७८५ | ५३८ | -८ |
| श्री इन्भेष्टमेन्ट फाइनान्स कं. लि. | २ | १५० | १५० | १५० | ३११ | ४६६५० | १५२ | -२ |
| श्रृजना फाइनान्स (वित्तिय संस्था) | ९ | २५४ | २५० | २५० | ९३३ | २३४८८३ | २५१ | -१ |
| सिद्धार्थ बैंक लि. | ३९ | ३१५ | ३१२ | ३१४ | १३९६८ | ४३७१२०४ | ३१३ | १ |
| सिद्धार्थ इक्वीटी फण्ड | १ | ८.९ | ८.९ | ८.९ | २००० | १७८०० | ८.९ | ० |
| सिद्धार्थ इन्स्योरेन्स लि. | ८ | ३९७ | ३९२ | ३९७ | १२१५ | ४७६८३० | ४०० | -३ |
| सिन्धु विकास बैंक लि. | ८ | १३० | १२६ | १२६ | १३३५ | १६९३३८ | १२६ | ० |
| सोल्टी होटेल लि. | ६ | २२४ | २१७ | २२४ | २३०० | ५००७५० | २१८ | ६ |
| स्पर्श लघुवित्त वित्तिय संस्था लि. | १७ | ५९० | ५७९ | ५८२ | ३७० | २१४८८५ | ५८९ | -७ |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक लि. | ६८ | ६०१ | ५८८ | ५८८ | ६३९५ | ३७८४९८३ | ६०० | -१२ |
| समिटि लघुवित्त वित्तिय संस्था लि. | २ | ५३० | ५२० | ५३० | २११ | १०९८३० | ५१३ | १७ |
| सनराइज बैंक लि. | १६ | २३० | २२७ | २३० | ३५६५ | ८१४६३८ | २३१ | -१ |
| सपोर्ट माइक्रोफाइनान्स वित्तिय संस्था लि. | १ | ४४९ | ४४९ | ४४९ | १० | ४४९० | ४४९ | ० |
| सुर्या लाइफ इन्स्योरेन्स कं. लि. | ३१ | २८७ | २७९ | २८५ | ३२८३ | ९३११०४ | २८१ | ४ |
| स्वाबलम्बन लघुवित्त वित्तिय संस्था लि. | १ | ९१३ | ९१३ | ९१३ | १० | ९१३० | ९०८ | ५ |
| स्वाभिमान लघुवित्त वित्तिय संस्था लि. | २१ | ८१२ | ७९२ | ८१० | ३२० | २५६६२० | ८०५ | ५ |
| स्वदेशी लघुवित्त वित्तिय संस्था लि. | ३६ | ६२७ | ६०० | ६०४ | १८१४ | ११०७३६४ | ६२० | -१६ |
| स्वरोजगार लघुवित्त विकास बैंक लि. | १८ | ५६१ | ५५० | ५५० | १६७३ | ९२६४२० | ५५६ | -६ |
| सिनर्जी पावर डेभलपमेन्ट लि. | ११ | ७१ | ६७ | ७० | ५७० | ३८८२० | ७० | ० |
| तारागाउँ रिजेन्सी होटेल लि. | १४ | २९० | २८५ | २८७ | २५६० | ७३४९२० | २८९ | -२ |
| युनियन हाइड्रोपावर लि. | १० | ५६ | ५५ | ५५ | १०८० | ५९९५० | ५५ | ० |
| युनाईटेड फाइनान्स लि. | ५ | १७९ | १७८ | १७८ | ९८० | १७४७९० | १८१ | -३ |
| युनाईटेड इन्स्योरेन्स कं. (नेपाल) लि. | ८ | २७७ | २६८ | २७७ | १०३६ | २८३७८२ | २६७ | १० |
| युनाईटेड मोदी हाइड्रोपावर लि. | ३ | १०४ | १०० | १०४ | ४२ | ४२८४ | १०२ | २ |
| युनिभर्सल पावर कं. लि. | २० | ७९ | ७७ | ७७ | १५०० | ११६८२० | ८० | -३ |
| अपर तामाकोशी हाइड्रोपावर लि. | १५९ | २४५ | २३८ | २४० | १२८५२ | ३०८४३१६ | २४१ | -१ |
| विजय लघुवित्त वित्तिय संस्था लि. | ६ | ५७६ | ५६६ | ५६६ | २२१ | १२५८१६ | ५७६ | -१० |
| वर्ल्ड मर्चेन्ट बैंकिङ् एण्ड फाइनान्स लि. | २ | १०० | १०० | १०० | २५० | २५००० | ९९ | १ |

कुल कारोबार रकम : २३७,९५९,६५३ | कारोबार भएको सेयर सङ्ख्या : ९,९२१,२२ | कारोबार सङ्ख्या : ६,६३१



चिनियाँ विदेशमन्त्री वाङ यी भक्तपुरमा : नेपाल भ्रमणमा रहनुभएका चिनियाँ विदेशमन्त्री वाङ यी मंगलबार भक्तपुर दरबार क्षेत्र अवलोकन गर्दै । तस्बिरः रासस

# एक हजार ३२ भूकम्पपीडितको नाम सम्बोधन भएन

■ सुबास बस्नेत

दोलखा, भदौ २४



भूकम्प गएको पाँच वर्ष पाँच महिना बितिसक्दा पनि दोलखा ९ स्थानीय तहका एक हजार ३२ जना भूकम्पपीडितको नाम अझै सम्बोधन हुन नसकेको भूकम्पपछिको पुनर्निर्माण सहयोग गर्दै आएको संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले जनाएको छ ।

यस संस्थाले निकालेको डाटाअनुसार जिल्लाको भिमेश्वर नगरपालिकाभित्रका एक सय १३ जना भूकम्प पिडितले भरेको अन्तिम गुनासो सम्बोधन हुन सकेको छैन । त्यस्तै जिरी नगरपालिकका ६३ जना, गौरीशंकर गाउँपालिकाका ३८ जना, कालिन्चोक गाउँपालिकाका १७ जना, मेलुङ गाउँपालिकाका एक सय ४४ जना भूकम्पपीडितको नाम सम्बोधन हुन नसकेको ट्रान्सपरेन्सीले जनाएको छ । त्यसैगरी जिल्लाको बैतेश्वर गाउँपालिकाका दुई सय ८२ जना भूकम्पपीडितको नाम अझै सम्बोधन भएको छैन भने तामाकोशी गाउँपालिकाका ५५ जना पीडितको गुनासो सम्बोधन भएको छैन् । सबैभन्दा बढी शैलुङ गाउँपालिकाका तीन सय १७ जनाको र सबैभन्दा कम बिगु गाउँपालिकाको पाँच जना भूकम्पपीडितको नाम सम्बोधन हुन बाँकी रहेको ट्रान्सपरेन्सी इन्टरनेशनल चरिकोटले जनाएको छ । ट्रान्सपरेन्सीका अनुसार अन्तिम गुनासो भरेर एक हजार ७९ जनाको संख्या पठाएकोमा पुनर्निर्माण प्राधिकरणले ४७ जनाको मात्र नाम सम्बोधन गरेर पठाएको छ ।

लाभग्राही सूचीमा नाम परेका मध्ये चार हजार दुई सय ५० जना भूकम्पपीडितको घर सम्झौता हुनसकेको छैन । हालसम्म दोलखाका ६६ हजार नौ सय ६९ जना भूकम्पपीडितको पहिलो किस्ता भुक्तानी भएको छ । त्यस्तै ५९ हजार एक सय ७६ जनाको दोस्रो र ५४ हजार पाँच सय १६ जना भूकम्पपीडितको तेस्रो किस्ता भुक्तानी भएको पुनर्निर्माण प्राधिकरण दोलखाले जनाएको छ । जिल्लामा पुनर्निर्माणका लागि छुट्याइएको कुल बजेट चार अर्ब ३५ करोड ७० लाख ७३ हजारमध्ये हालसम्म चार अर्ब तीन करोड नौ लाख २४ हजार तीन सय ८० रुपैयाँ रकम खर्च भएको जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान-व्यवस्थापन तथा स्थानीय पूर्वाधार चरिकोट दोलखाले जनाएको छ ।

# ‘आर्थिक अपराधमा आर्थिक जरिवाना मात्रै’

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २४



नेपाल चेम्बर अफ कमर्सले आर्थिक अपराधमा आर्थिक जरिवाना मात्र हुनुपर्ने बताएको छ । संघीय संसद् अर्थ समितिका सभापतिलाई नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि मण्डलले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन- २०५२ लाई शंसोधन गर्न बनेको विधेयकमाथि सुझाव दिंदै कठोर ऐन नबनाउन माग गरेको हो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले अर्थ समितिका सभापति कृष्णप्रसाद दाहालसँग भेट गरी राजस्व चुहावट नियन्त्रण गर्न कठोर ऐन प्रस्तावित भएको बताएको छ । चेम्बरका अध्यक्ष श्रेष्ठले आर्थिक अपराधमा आर्थिक जरिवाना मात्र हुनुपर्नेमा भुलवश हुन जाने अवस्थामा समेत कैद सजायको व्यवस्थाले नेपालमा उद्योग व्यावसाय सञ्चालन गर्ने वातावरण समाप्त गर्ने नै हो भन्ने व्यवसायीहरूको निर्क्यौल रहेको बताए ।

विधेयकले आगामि दिनमा सुराकी प्रणाली व्यवसायको रूपमा विकास हुने उनले बताए । उनले विधेयकमा थुनामा राख्ने प्रावधान खारेज गरिनु पर्ने, बिगोको परिभाषामा थप दस्तुर, ब्याज जरिवाना रकम उल्लेख हुनु सान्दर्भिक नभएको, घर वहाल कर स्थानीय निकायको दायरामा परेको, नियतको ठाउमा जानीजानी शब्द राखिनु पर्ने, कर्मचारी अधिकृतस्तरको हुनुपर्ने, राजस्व चुहावटको छानबिनको सिलसिलामा बैंक खाता तथा सम्पत्ति रोक्का राख्नु पर्ने भएमा अदालतको आदेशमा मात्र गर्नुपर्ने विषयवस्तु राख्न आग्रह गरे ।

राजस्व अनुसन्धानको सिलसिलामा कसैको घर, गोदाम, पसल, कार्यालय, कलकारखाना, उद्योग, वाहन आदि सिलवन्दी गर्नुपर्ने भएमा बढीमा ४८ घण्टाभन्दा बढी गर्न नहुने, राजस्वसमेतको छानबिनको कार्य सिघ्र गरी शिलवन्दी खोलिदिनुपर्ने, राजस्वको छानबिन गर्ने समय सीमा ३५ दिनको हुनुपर्ने, महिनौँ, बर्षौंसम्म तारिखमा राख्न नहुने अध्यक्ष श्रेष्ठले बताए ।

पचास लाख रूपैयाँसम्मको विगोमा ६ महिनासम्म कैदको प्रावधान प्रस्ताव गरिएकोमा उक्त कैदको प्रावधान नै खारेज गरिनु पर्ने उनको भनाइ छ । जरिवानाको सुरूवाती पचास हजार भएकोमा सो सान्दर्भिक नभएको उनले बताए । दश हजारको राजस्व छली भएकोलाई पनि पचास हजार रूपैयाँ जरिवाना हुन नहुने, जरिवाना विगोबमोजिम हुनुपर्ने उनको माग थियो ।

राजस्वको समान बरामद गर्दा वा छानबिन गर्दा बरामद समानको मुल्याङ्कन सम्बन्धित मुल्याङ्न गर्ने निकायमार्फत गरिनु पर्ने उनले बताए । राजस्व अनुसन्धान विभागले मुल्याङ्कन थप गर्न नहुने, मुल्याङ्कन गर्दा मालधनीको सहमति नभएमा मालको मूल्यमा भाडा तथा बीमा रकमसमेत थप गरी उक्त माल खरिद गर्नुपर्नेमा चेम्बर अध्यक्ष श्रेष्ठले जोड दिए ।

भेटमा अर्थ समितिका सभापति कृष्णप्रसाद दहालले चेम्बर एक सशक्त संस्था भएको हुँदा चेम्बरबाट दिइएको सुझाबहरूलाई सम्बोधन गर्न आफ्नो प्रयास रहने बताए ।

उक्त अवसरमा चेम्बरका पदाधिकारीहरु, बिभिन्न समितिका अध्यक्षहरु तथा उद्यमी व्यावसायीहरूको सहभागिता रहेको थियो ।

# ज्योति विकास बैंक र सिप्रदी अर्थ मुभर्सबीच सम्झौता



■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २४

ज्योति विकास बैंक र सिप्रदी ग्रुप अन्तर्गतको सिप्रदी अर्थ मुभर्सबीच मंगलबार सम्झौता भएको छ । सम्झौताअन्तर्गत सिप्रदी अर्थ मुभर्सबाट सिफारिसप्राप्त ग्राहकहरूले टाटा हिटाची खरिदको लागि ज्योति विकास बैंकमार्फत ७० प्रतिशतसम्म कर्जा प्राप्त गर्नेछन् ।

सम्झौता पत्रमा ज्योति विकास बैंकको तर्फबाट बैंकका नायब महाप्रबन्धक सुशीलकुमार शर्मा तथा सिप्रदी अर्थ मुभर्सको तर्फबाट कम्पनीका नायब महाप्रबन्धक राजेन्द्र कार्कीले हस्ताक्षर गरेका थिए । यस सम्झौतापश्चात् ज्योति विकास बैंकबाट टाटा हिटाची गाडी ग्राहकवर्गहरूलाई ७० प्रतिशतसम्म कर्जासहित सजिलै प्राप्त हुनेछ । बैंकको देशभरि फैलिएका एक सय दुईवटै शाखाबाट उक्त सवारी कर्जा सेवाको लाभ लिन सकिने बताइएको छ ।

गुणस्तरीय प्रदर्शन र उत्कृष्ट सेवामार्फत नेपाली अटोमोबाइल्स क्षेत्रमा मन जित्न सफल टाटा कम्पनीको टाटा हिटाची खरिद गर्न ज्योति विकास बैंकको कर्जा सेवाले ग्राहकहरूलाई थप सहज हुने कम्पनीले जनाएको छ । सिप्रदी अर्थ मुभर्सले देशभर फैलिएको आफ्नो सञ्जालबाट सेवाग्राहिहरूलाई टाटा हिटाची खरिद तथा बिक्रीपश्चातको सेवा दिंदै आएको छ ।

हाल ज्योति विकास बैंकले एक सय दुई शाखा कार्यालय, एक एक्सटेन्सन काउन्टर तथा ४१ वटा एटीएममार्फत सेवा उपलब्ध गराउँदै आइरहेको छ भने यसै आर्थिक वर्षमा थप नयाँ शाखा सञ्चालनमा ल्याउने प्रक्रियामा रहेको बैंकले जनाएको छ । साथै यस आर्थिक वर्षभित्र नै अन्य थप २५ स्थानबाट समेत एटीएममार्फत सेवा प्रदान गर्ने तयारीमा रहेको बैंकले जनाएको छ । हालसम्म बैंकले दुई लाख ४० हजारभन्दा बढी खाताबाट ३० अर्ब रूपैयाँभन्दा बढी निक्षेप संकलन गरी २० हजारभन्दा बढी ऋणीलाई २६ अर्ब रूपैयाँभन्दा बढी लगानी गर्न सफल भएको छ ।

# जुम्बा प्रतियोयोगितामा भिआर फिटनेस पहिलो



■ आर्थिक संवाददाता

भक्तपुर, भदौ २४

खुला जुम्बा प्रतियोगितामा भीआर फिटनेशले पहिलो उपाधि हात पारेको छ । भक्तपुर जिल्लामा नै पहिलो पटक आयोजना भएको प्रतियोगितामा भीआरले अन्य सातवटा समूहलाई पछाडि पार्दै उपाधि हात पारेको हो ।

भीआर पीटनेश लोकन्थली नै आयोजक रहेको उक्त प्रतियोगितामा सातवटा समूहले भाग लिएका थिए । प्रतियोगीतामा अल्टिमेट फिजिकल फिटनेश मध्यपुरले फस्ट रनर अपको उपाधि पाएको थियो भने स्टार जुम्बा इमाडोलले सेकण्ड रनर अपको उपाधि जितेको थियो ।

आयोजक संस्था भीआर फिटनेशका अध्यक्ष रमेश प्याथका अनुसार उपाधि बिजेताहरूमध्ये प्रथम हुनेलालाई समाजसेवी तथा खेलाडी रबि राणाले आफ्नो तर्फबाट २५ हजार नगद पुरस्कार प्रदान गरेका थिए । यसैगरी फस्ट रनर अप अल्टिमेट र सेकेण्ड रनर अप स्टार जुम्बालाई महेशराज कुँवरले क्रमशः १५ हजार र पाँच हजार नगद पुरस्कार प्रदान गरेका थिए ।

विजयी सबै समूहका लागि अजय श्रेष्ठले अवार्ड प्रदान गरेका थिए । प्रतियोगीतको निर्णायकमा शोभा गुरूङ, छिरीङ लामा, सम्झना सुब्बा, मेनका राई र कुन तामाङ रहेका थिए ।

प्रतियोगीताको उद्घाटन सत्रमा नेपाली कांग्रेसका नेता अष्टकुमार कबें, समाजसेवी, खेलाडी तथा नेता रबि राणा, महानगरीय प्रहरी वृत्त थिमिका प्रमुख प्रहरी नायब उपरीक्षक शान्तिराज कोइराला, नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी, आयोजक संस्था भीआर फिटनेशका अध्यक्ष प्याथलगायतले स्वस्थ जीवन र उन्नतिको मार्ग खेलकुद र मनोरन्जन भएको धारणा सार्वजनिक गरेका थिए ।

# हिमालयन बैंकलाई एडीबीको टीएफपी अवार्ड

■ आर्थिक संवाददाता

काठमाडौं, भदौ २४

एसियाली विकास बैंक (एडीबी)ले हिमालयन बैंक लिमिटेडलाई ट्रेड फाइनान्स कार्यक्रमअन्तर्गत उच्चतम कारोबार गरेबापत टीएफपी अवार्ड प्रदान गरेको छ । हिमालयन बैंक एडीबीको उच्च कार्य साझेदार बैंक पनि हो ।

एसियाली विकास बैंकद्वारा हिमालयन बैंकलाई बैंकले एसिया प्रशान्त क्षेत्रमा ट्रेड फाइनान्सलाई प्रवर्द्धन गर्न खेलेको प्रभावकारी भूमिकाको लागि उक्त अवार्ड प्रदान गरेको हो ।

यही सेप्टेम्बर ३ मा सिंगापुरमा आयोजित 'एडीबी ट्रेड फाइनान्स प्रोग्राम अवार्ड' समारोहमा बैंकका महाप्रबन्धक सुशील जोशी र मुख्यप्रबन्धक सतिशराज जोशीले उक्त अवार्ड ग्रहण गरेका हुन् ।




बैंकले यस पटक समेत तेस्रो पटक यो अवार्ड प्राप्त गरेको हो ।

"संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं: घर घरमा राष्ट्रिय झण्डा फहराऔं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सोलुखुम्बुको वेबसाइट प्रयोगविहीन

■ महेन्द्र शाही

सोलुखुम्बु, भदौ २४

जिल्ला समन्वय समिति सोलुखुम्बु वेबसाइट अद्यावधिक गराउने सवालमा कमजोर देखिएको छ । जनतालाई सहज सूचना प्रदान गर्न सरकारी कार्यलयहरूको हरेक गतिविधि वेबसाइटमा राख्नु पर्ने भए पनि समन्वय समितिको वेबसाइट लामो समयदेखि अद्यावधिक नगरेको पाइएको हो ।

तत्कालीन जिल्ला विकास समितिको उक्त वेबसाइटमा नयाँ संरचनाअनुसार नाम मात्र परिवर्तन भएको छ भने गतिविधिहरु भने पुरानै रहेका छन् । समन्वय समितिको वेबसाइटमा अहिले पनि जिल्ला आर्थिक वर्ष २०७२/०७३ अन्तिम लेखा परीक्षण गर्नेसम्बन्धी सूचना राखिएको छ भने सूचनाहरूसमेत जिल्ला विकास समिति हुँदाताकाकै राखिएको छ । उक्त वेबसाइटमा समन्वय प्रमुखको नाम अद्यावधिक गरिएको छ न त अहिलेका समन्वय अधिकारीको नाम नै अद्यावधिक गरिएको छ ।

नयाँ संरचनामा जिल्ला समन्वय समिति गठन भएको दुई वर्ष बितिसक्दासमेत वेबसाइट भने पुरानै अवस्थामा रहेको छ । अहिले पनि जिल्ला विकास अधिकारी भनेर कृष्णप्रसाद सापकोटाको नाम नै वेबसाइटमा राखिएको छ । त्यस्तै वेबसाइटमा २०७२ साल फागुन ९ गते प्रकाशित २४औं जिल्ला परिषद्को सूचना राखिएको छ । जुन सभा २०७२ को फागुन १५ र १६ गते सम्पन्न भइसकेको छ ।

स्थानीय तहको पुनर्संरचना भएर नगरपालिका र गाउँपालिका भइसकेको अवस्थामा पनि वेबसाइटमा भने गाउँ विकास समितिको प्रोफाइल भनेरै राखिएको छ । जब कि स्थानीय पुनर्संरनचा भएको तीन वर्ष पुगिसकेको छ । यस विषयमा समन्वय अधिकारी गोपालप्रसाद रेग्मीले काम कारबाही केही नभएकाले अद्यावधिक हुन नसकेको जवाफ दिए । भूमिकाविहिन र कर्मचारी नभएकाले अद्यावधिक नभएको उनको भनाइ छ ।



कर्मचारी नभएको र अबको १२-१५ दिनपछि अद्यावधिक गरिने उनले बताए । यता ओखलढुङ्गाको जिल्ला समन्वय समितिको वेबसाइट पनि अद्यावधिक नभएको पाइएको हो । जिल्ला समन्वय समिति लेख्नुबाहेक अन्य कुनै पनि कार्य नभएको पाइएको हो ।

चाहना पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : कुपण्डोल, ललितपुर, फोन : ०१-५५५४२३६, फ्याक्स : ५५२३१८१, E-mail : aarthik.dainik@gmail.com, मुद्रण : एक्सप्रेस कलर प्रेस, बुद्धनगर, सम्पादक : प्रल्हाद रिजाल